# प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन

२०७५


माननीय अर्थ मन्त्रीज्यूको
निजि सचिवालय
दर्ता नं.- २३६२
मिति:- ०६।०७



<u>प्रतिवेदक</u>

दिनेश कुमार थपलिया, सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

शिशिर कुमार ढुङ्गाना, सचिव (राजस्व), अर्थ मन्त्रालय

बैकुण्ठ अर्याल, सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग


२०७५ असोज ४

मिति: २०७५/०६/०४

माननीय अर्थमन्त्रीज्यू,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

<u>विषय- प्रतिवेदन पेश गरिएको वारे।</u>

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/४/२९ को निर्णयबाट प्रदेश र स्थानीय तहहरुले आफ्नो क्षेत्रमा कर लगाउँदा नेपाल सरकारले लगाएको करसँग पर्न गएको दोहोरोपन, स्थानीय जनताले कर तिर्न सक्ने सामर्थ्य अनुरुप करारोपण भए नभएको विषय, कर लगाउँदा अधिकार क्षेत्रको प्रश्न र शुल्क तथा दस्तुरहरु लगाउँदा प्रदान गरिएको सेवा सुविधाहरु लागत अनुरुप भए नभएको विषयमा अध्ययन विश्लेषण गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान गरिए बमोजिम यो प्रतिवेदन पेश गरेका छौं। प्रतिवेदनको तीन प्रति यसैसाथ संलग्न गरेका छौं।

| | |
|---|---|
| दिनेश कुमार थपलिया | सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| शिशिर कुमार ढुङ्गाना | सचिव (राजस्व), अर्थ मन्त्रालय |
| बैकुण्ठ अर्याल | सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |

प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५

## अध्ययन समिति


| | |
|---|---|
| दिनेश कुमार थपलिया, सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संयोजक |
| शिशिर कुमार ढुङ्गाना, सचिव (राजस्व), अर्थ मन्त्रालय | सदस्य |
| बैकुण्ठ अर्याल, सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |

## संकलन तथा विश्लेषण

गोपीकृष्ण खनाल, सहसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
पुरुषोत्तम नेपाल, सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भिमसेन तिमल्सिना, उपसचिव, अर्थ मन्त्रालय
विष्णुदत्त गौतम, उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
निर्मल ढकाल, उपसचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

**प्रतिवेदन पेश गरेको निकायः** नेपाल सरकार (मन्त्रिपरिषद्)

**प्रतिवेदन पेश गरिएको मितिः** २०७५ असोज ४


नेपालका ७ प्रदेश तथा ७५३ स्थानीय तहको नक्सा
N
कर्णाली प्रदेश
नगरपालिका : २५
गाँउपालिका : ५४
गण्डकी प्रदेश
महानगरपालिका : १
नगरपालिका : २६
गाँउपालिका : ५८
प्रदेश नं. ३
महानगरपालिका : ३
उप-महानगरपालिका : १
नगरपालिका : ४१
गाँउपालिका : ७४
प्रदेश नं. १
महानगरपालिका : १
उप-महानगरपालिका : २
नगरपालिका : ४६
गाँउपालिका : ८८
प्रदेश नं. ७
उप-महानगरपालिका : १
नगरपालिका : ३३
गाँउपालिका : ५४
प्रदेश नं. ५
उप-महानगरपालिका : ४
नगरपालिका : ३२
गाँउपालिका : ७३
प्रदेश नं. २
महानगरपालिका : १
उप-महानगरपालिका : ३
नगरपालिका : ७३
गाँउपालिका : ५९
Legend
Province Boundry
LG Boundry
1 cm = 31 km
0 55 110 220 Kilometers

# हाम्रो भनाइ

गत वर्ष सम्पन्न तीनै तहको निर्वाचन पश्चात् नेपालमा संघीयता कार्यान्वयनको अभ्यास शुरु भएको छ। नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व, र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनी स्पष्ट गरेकाले संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो राजनीतिक, प्रशासनिक तथा वित्तीय अधिकार प्रयोग गर्दा एक आपसमा प्रतिस्पर्धा नगरी समानता तथा मुलुकको सार्वजनिक हितमा एक अर्कालाई परिपूरक हुने गरी व्यवस्थापन गर्नुपर्ने हुन्छ। नेपालमा संघीयता नवीन अभ्यास भएकाले शुरुका वर्षहरूमा केही अन्योलता र द्विविधाहरू देखिनु अस्वाभाविक होइन। निरन्तरको अभ्यास र कार्यान्वयनका चरणमा हुने सिकाइले संघीयता क्रमशः परिपक्व बन्दै जान्छ।

हामी वित्तीय संघीयताको दृष्टिकोणले पहिलो वर्षमा छौं। वित्तीय संघीयता कार्यान्वयन गर्ने सन्दर्भमा सरकारको तीन तहको वित्तीय अधिकारको सुरक्षाको लागि संविधानले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई वित्तीय संरक्षक (Fiscal Custodian) को भूमिका प्रदान गरेको छ। नेपाल सरकारले चालु आर्थिक वर्षको बजेटलाई वित्तीय संघीयता कार्यान्वयन गर्ने गरी प्रस्तुत गरेको छ। नेपालको संविधान अनुरूप संघबाट प्रदेश र स्थानीय तह तथा प्रदेशबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका छन्। तीनै तहका सरकारहरूले चालु आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम तयार गरेका छन् र यसका लागि आवश्यक स्रोतको प्रक्षेपण समेत भएको छ।

वित्तीय संघीयताको सन्दर्भमा खर्चको विकेन्द्रीकरण भन्दा राजस्व परिचालनको विकेन्द्रीकरण बढी पेचिलो हुन्छ। नेपालको संविधानबमोजिम तीन तहका सरकारहरूलाई राजस्वको अधिकार प्राप्त छ। अधिकांश राजस्वका स्रोतहरू संघ, प्रदेश र स्थानीय तहको एकल अधिकारमा पर्दछन् भने केही स्रोतहरू भने दुई वा दुईभन्दा बढी तहका सरकारको साझा अधिकारमा पर्दछन्। तसर्थ, कुनै तहको सरकारले संविधान र कानुनले दिएको अधिकार क्षेत्रभित्र रही कर र गैर करका दरहरू तोकी यथोचित राजस्व परिचालन गर्नुपर्दछ। अन्यथा जनतालाइ करको दोहोरो तेहेरो भार पर्ने मात्र होइन, करका कारण आर्थिक-सामाजिक क्रियाकलापहरू संकुचित हुने अवस्था समेत आउन सक्दछ।

नेपालको संविधानको धारा ११५, २०२ र २२८ ले कानुनबमोजिम बाहेक कुनै पनि तहको सरकारले कुनै पनि कर लगाउन तथा उठाउन नपाउने व्यवस्था गरी प्रतिनिधित्वबिना कर लगाउनु हुँदैन (No Taxation Without Representation) भन्ने सिद्धान्तलाई आत्मसात् गरेको छ। तीनै तहका सरकारले आफूले लगाउने करका सम्बन्धमा कानुनमा स्पष्ट व्यवस्था गरेको हुनुपर्दछ, कुनै कार्यपालिकीय

अधिकार प्रयोग गरेर कर लगाउन र उठाउन पाइँदैन। संविधान र कानुनले दिएको दायराभन्दा बाहिर गएर कर लगाउने अधिकार संविधानतः कुनै पनि तहको सरकारले प्राप्त गर्दैन।

चालु आर्थिक वर्ष शुरु भएपछि विभिन्न स्थानीय तहले लगाएका करका सम्बन्धमा आम चासो देखिएको छ। विभिन्न सञ्चारमाध्यमहरू एवम् विज्ञहरूमाझ समेत यस विषयमा चर्चा परिचर्चा तथा बहसहरू हुन थालेका छन्। कतिपय स्थानमा करको दायरा भन्दा पनि करको दर बढेको गुनासाहरू आएका छन्। यसले गर्दा प्रदेश तथा स्थानीय तहमा लगाइएका करहरूको अध्ययन तथा विश्लेषण गरी करको उपयुक्तता एवम् कुनै समस्या भएकोमा समाधानका उपाय समेत पहिल्याउनुपर्ने आवश्यकता महसूस गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०४/२९ को निर्णयबाट हामी सम्मिलित एक समिति गठन भएको छ। यसका लागि हामी नेपाल सरकार प्रति आभारी छौं।

नेपाल सरकारले दिएको जिम्मेवारी पूरा गर्ने क्रममा विभिन्न स्थानमा सम्बन्धित सरोकारवालासँग गरेको छलफल, संकलन गरिएको विवरण र प्रदेश एवम् स्थानीय तहका वेबसाइटहरूका साथै अन्य सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा यो प्रतिवेदन तयार गरेका छौं। सीमित समयको वाबजूद उपलब्ध तथ्याङ्क र अन्य विवरणहरूको यथार्थपरक विश्लेषण गरी सुझाव तयार गरेका छौं।

सरोकारवालाहरूसँगको छलफल, विवरण संकलन र प्रतिवेदन लेखनमा सक्रिय सहयोग र योगदान गर्नुहुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सहसचिव गोपीकृष्ण खनाल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव पुरुषोत्तम नेपाल, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका उपसचिव निर्मल ढकाल, अर्थ मन्त्रालयका उपसचिव भीमसेन तिमल्सिना र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव विष्णुदत्त गौतमलाई हार्दिक धन्यवाद दिन चाहन्छौं। यसैगरी सरोकारवालाहरूसँगको छलफल र अन्तरक्रियामा सहभागी भई विवरण संकलन गर्नुहुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका उपसचिव एवम् शाखा अधिकृतहरूका साथै यस कार्यमा सहयोग पुऱ्याउनुहुने स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रदेश तथा स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरू तथा नगर विकास प्रशिक्षण केन्द्र, पोखरालाई समेत धन्यवाद ज्ञापन गर्दछौं।

दिनेश कुमार थपलिया
शिशिर कुमार ढुङ्गाना
बैकुण्ठ अर्याल

# कार्यकारी सारांश

१. नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०४/२९ को निर्णयबाट यस समितिलाई प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रमा कर लगाउँदा नेपाल सरकारले लगाएका करसँग पर्न गएका दोहोरोपना, स्थानीय जनताका कर तिर्ने सामर्थ्य अनुरूप करारोपण भए नभएको विषय, कर लगाउँदा अधिकारक्षेत्रको प्रश्न र शुल्क तथा दस्तुरहरू लगाउँदा प्रदान गरिएको सेवा सुविधाको लागत अनुरूप भए नभएको विषय समेटी नेपाल सरकारसमक्ष सुझावहरू प्रस्तुत गर्न जिम्मेवारी प्रदान गरेको थियो।

२. यस समितिले करका सम्बन्धमा पत्रपत्रिकामा उठेका सवाल समेतलाई दृष्टिगत् गरी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरी सीमित समयमा सूक्ष्म ढङ्गले विश्लेषण गरी सुझावहरू प्रस्तुत गरेको छ।

३. स्थानीय करको प्रमुख भार स्थानीय तहमा प्रत्यक्ष रूपमा पर्ने भएकोले समितिले एकल अधिकारको सम्बन्धमा तत् तत् तहको कर स्वायत्तता (Tax autonomy) लाई सम्मान गर्दै सुझावहरू प्रस्तुत गरेको छ।

४. लामो समयदेखि स्थानीय तहमा जनप्रतिनिधिहरू रिक्त रहेको, गाउँ/नगरपालिकाहरूमा स्थानीय करको अभ्यास नै नौलो भएको परिवेशमा नवनिर्वाचित प्रतिनिधिले करको अभ्यास गरेका कारण पनि स्थानीय करको विषय बहसमा आएको देखिएको छ। कतिपय स्थानीय तहहरूले क्षमता अभावका कारण पनि अमिल्दो तवरले कर लगाइएको विषय यथार्थ रहेको देखियो। पटके तथा छिटपुट घटनाहरूलाई आम रूपमा सामान्यीकरण गरिएको भएता पनि अधिकांश स्थानीय तहले संविधान अनुरूप नै कर लगाएको पाइएको छ।

५. कतिपय स्थानीय तहले करको अधिकार र व्यापक सम्भावना हुँदाहुँदै पनि यसको प्रयोग नै गरेको नदेखिएकोले आगामी दिनमा उनीहरूको वित्तीय परनिर्भरता बढ्न जाने देखिएकोले नेपाल सरकारले नयाँ नगरपालिका तथा गाउँपालिकाहरूमा सानो दरमा फराकिलो कराधार रहेका स्थानीय करको अभ्यासलाई बढावा दिंदै यसलाई संस्थागत गर्नुपर्ने देखियो।

६. स्थानीय तहले सम्पत्ति करको कार्यान्वयनको लागि घर तथा जग्गाको लगत एकीकरण गरी एकीकृत सम्पत्ति करको रूपमा अभ्यास गरी आएको र केही नगरपालिकाहरूले यसलाई आन्तरिकिकरण समेत गरिसकेको पाइयो। प्रचलित कानुनबमोजिम सम्पत्ति कर मात्र लगाउन

मिल्ने भएकाले सम्बन्धित कानुनहरूलाई समयानुकूल बनाई व्यावहारिक रूपमा सम्पत्ति करको अभ्यास गर्नुपर्ने देखियो। कतिपय नगरपालिकाले आम्दानी नै नदिने घरजग्गामा समेत बजार मूल्यलाई आधार मानी सम्पत्ति कर लगाइएको पाइएकोले सम्पत्ति कर लगाउँदा व्यावसायिक, आवासीय, कृषि आदि सम्पत्तिमा वर्गीकरण गरी बिक्री गर्दा बढि रकम आउने तर नियमित रूपमा आम्दानी नदिने घरजग्गालाई न्यूनतम दरमा मात्र कर लगाउन उपयुक्त देखिएको छ।

७. व्यवसाय करलाई कारोबारको आधारमा कर लगाउँदा मूल्य अभिवृद्धि करसँग दोहोरोपन पर्नजाने देखिएकोले यसलाई दर्ता तथा सालवसाली नविकरणमा व्यवसायको प्रकृति र लगानीको आधारमा वर्गीकरण गरी कर लगाउने प्रणाली अपनाउन उपयुक्त देखिएको छ।

८. ढुङ्गा, गिट्टी, बालुवाजस्ता नदीजन्य एवम् खानीजन्य पदार्थको बिक्री र त्यसमा लाग्ने करको सम्बन्धमा राज्यलाई चर्को घाटा तथा व्यवसायीलाई अधिक लाभ देखिएकोले नेपाल सरकारले यी वस्तु लगायत अन्य प्राकृतिक स्रोतको उपयोगको अधिकार र दायित्वको विषयमा स्पष्ट संघीय कानुनको निर्माण गरी त्यस्ता सम्पत्तिबाट सरकारले नै अधिक लाभ प्राप्त गर्ने प्रणाली स्थापना गर्नुपर्ने देखिएको छ।

९. नेपालको संविधानले संघ, प्रदेश र स्थानीय सरकारलाई मात्र करको अधिकार प्रदान गरेकोमा पर्यटन क्षेत्रसँग सम्बन्धित शुल्क तथा दस्तुर सरकारबाहेकका अन्य संस्थाले समेत उठाउने गरिआएकोले यस्ता कार्यलाई तत्काल बन्द गरी संविधानसम्मत व्यवस्था कायम गर्नुपर्ने देखिएको छ।

१०. जन्म, मृत्यु विवाह बसाइसराइ तथा सम्बन्ध बिच्छेदजस्ता व्यक्तिगत घटना दर्ताका लागि संघीय ऐनले नै दस्तुर निर्धारण गरेकोले स्थानीय तहले यस विपरीत शुल्क लिन नपाउने हुँदा संघीय ऐनको व्यवस्था अनुसार मात्र यस्तो दस्तुर लगाउनुपर्ने देखियो।

११. स्थानीय करको सम्बन्धमा विश्वव्यापी रूपमा नै तिर्नसक्ने क्षमता (Ability to pay) र फाइदाको सिद्धान्त (Benefit Principle) लाई स्थानीय करको सिद्धान्तको रूपमा अंगिकार गरिएकोले स्थानीय तहले कर लगाउँदा जनताले सो कर तिर्न सक्ने तथा यस्तो करबाट जनतालाई प्रत्यक्ष रूपमा फाइदा पुग्न सक्ने वा नसक्ने पर्याप्त विश्लेषण गरी सो आधारमा मात्र कर लगाउनुपर्नेतर्फ ध्यानाकर्षण हुनु जरूरी देखिएको छ।

१२. कतिपय करहरू स्थानीय जनप्रतिनिधिले यस सम्वन्धी प्राविधिक क्षमताको कमी, पर्याप्त दक्ष जनशक्ति, साधन स्रोत तथा सूचना एवम् तथ्याङ्कको कमी जस्ता कारणहरूले पनि अमिल्दो तवरले लगाएको देखिएकोले नेपाल सरकारले स्थानीय करको सम्वन्धमा आपसी सहकार्यको सिद्धान्तको आधारमा अभिमुखकरण तथा अन्य क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

१३. नेपालको संविधानले Market Protecting Federalism लाई समेत आत्मसात् गरेकाले कुनैपनि तहको सरकारले लगाउने र उठाउने करको कारणले देशभरि वस्तु वा सेवाको ओसार प्रसार तथा आर्थिक लगानी र व्यापार व्यवसायमा अवरोध गर्न नहुने भएकोले आन्तरिक निकासी कर तथा पटके सवारी कर लगाउन उपयुक्त नदेखिएकोले यस्ता करहरू तत्काल हटाउनुपर्ने देखिएको छ।

१४. नेपालको संविधानले जिल्ला समन्वय समितिलाई मुख्य रूपमा समन्वयकारी भूमिका प्रदान गरेको र कर लगाउने तथा उठाउने भूमिका नदिएकाले यी निकायवाट कर सम्वन्धी काम गराउन मिल्ने देखिएन।

१५. छिमेकी देशहरूको अभ्यासवाट समेत सिक्दै नेपालमा लगानीको वातावरण सिर्जना गर्न एकल स्थानीय करको अवधारणा कार्यान्वयनमा ल्याउन सकिएमा करमा रहेको दोहोरोपन हट्ने, स्थानीय कर प्रशासन सरल हुने र यसले करलाई व्यवहारिक समेत बनाउने भएकोले यस्तो पद्धतीको शुरुवात गर्नुपर्ने देखिन्छ। नेपालको संविधानले स्थानीय कर भनी परिभाषित गरेकोले स्थानीय करलाई एकल करको अवधारणामा ल्याउन संविधानसम्मत देखिन्छ।

विषय-सूची

अध्याय १ ........................................................................................................................१०

परिचय ........................................................................................................................१०

१. पृष्ठभूमि ........................................................................................................................१०

२. अध्ययनको उद्देश्य तथा समितिको कार्यादेश ........................................................................................................................११

३. अध्ययन विधि ........................................................................................................................११

४. अध्ययनको सीमा ........................................................................................................................१३

५. अध्ययनका लागि लिइएका सैद्धान्तिक आधारहरू ........................................................................................................................१३

अध्याय २ ........................................................................................................................१५

प्रदेश तथा स्थानीय करका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था ........................................................................................................................१५

१. संवैधानिक व्यवस्था ........................................................................................................................१५

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का मुख्य व्यवस्थाहरू ........................................................................................................................१७

३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का केही व्यवस्थाहरू ........................................................................................................................१९

अध्याय ३ ........................................................................................................................२२

प्रदेश तथा स्थानीय करको स्थिति विश्लेषण ........................................................................................................................२२

१. संवैधानिक तथा कानुनी व्यवस्थामा देखिएका समस्या ........................................................................................................................२२

२. प्रदेश तथा स्थानीय तहको राजस्व अधिकारको उपयोगमा देखिएका समस्या ........................................................................................................................२२

अध्याय ४ ........................................................................................................................२९

सुझावहरू ........................................................................................................................२९

१. राजस्व अधिकारको उपयोग ........................................................................................................................२९

२. प्रदेश र स्थानीय तहको नमूना आर्थिक ऐन ........................................................................................................................३०

३. व्यवसाय कर सम्बन्धमा ........................................................................................................................३०

४. पटके सवारी कर तथा सवारी साधन कर सम्बन्धमा ........................................................................................................................३३

५. व्यक्तिगत घटना दर्ताको शुल्क ........................................................................................................................३३

६. सेवा शुल्क, दस्तुर सम्बन्धमा ........................................................................................................................३४

७. घरजग्गा वहाल कर सम्बन्धमा ........ ३४
८. सम्पत्ति कर सम्बन्धमा ........ ३५
९. ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माणजन्य वस्तुमा लगाइने करको सम्बन्धमा ........ ३६
१०. दस्तुर ........ ३७
११. फोहोर मैला व्यवस्थापन सेवाशुल्क ........ ३७
१२. भवन निर्माण अनुमति दस्तुर ........ ३८
१३. एकल स्थानीय कर प्रणालीको शुरुवात गर्ने ........ ३८
१४. करको नक्शांकन प्रणाली शुरुवात गर्ने ........ ३८
१५. खानीको स्थानीय विकास शुल्क सम्बन्धी व्यवस्था ........ ३९
१६. जिल्ला समन्वय समितिको भूमिका ........ ३९
१७. संस्थागत संयन्त्रहरूको क्रियाशिलता ........ ३९
१८. निकासी कर सम्बन्धमा ........ ४०
१९. स्थानीय सार्वजनिक खरिद नियमावली सम्बन्धमा ........ ४०
२०. राजस्व सम्बन्धी अन्य सुझाव ........ ४१
अनुसुची – १ ........ ४५
अनुसूची – २ ........ ५७
अनुसूची – ३ ........ ६७

# अध्याय १
# परिचय

## १. पृष्ठभूमि

नेपाल संघीयता कार्यान्यनको शुरुवाती चरणमा छ। अझ वित्तीय संघीयताको वास्तविक शुरुवात चालु आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेटबाट शुरु भएको हो। यही बजेटपश्चात् प्रदेश र स्थानीय तहले समेत आ-आफ्नो व्यवस्थापिकामा बजेट प्रस्तुत गरी कार्यान्वयनमा ल्याएका छन्। नेपालको संविधानबमोजिम संघबाट प्रदेश र स्थानीय तहलाई र प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरणको वास्तविक अभ्यास शुरु भएको छ। विगतमा नेपाल सरकारले उठाइआएको राजस्वमध्ये केही राजस्वका स्रोतहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छन् भने संविधाने कतिपय राजस्व उठाउने अधिकार प्रदेश र स्थानीय तहलाई प्रदान गरेको छ।

वित्तीय संघीयताले वित्तीय अधिकार र जिम्मेवारीलाई संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्दछ। नेपालको संविधानको धारा ५९ ले संघ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, आर्थिक विषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। यी अधिकारको विस्तृतीकरण गर्ने सन्दर्भमा संविधानको अनुसूची ५ देखि ९ सम्म संघ, प्रदेश तथा स्थानीय तहका एकल तथा साझा अधिकारका बारेमा व्यवस्था गरिएको छ। तीन तहका सरकारका साझा राजस्व अधिकार सम्बन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले थप स्पष्ट गरेको छ।

नेपालमा वित्तीय संघीयताको अभ्यास नौलो भएर मात्र होइन झण्डै दुई दशकसम्म तत्कालीन स्थानीय निकायहरू जनप्रतिनिधिविहीन रहेकाले हालका स्थानीय तहहरूमा संविधान र अन्य कानुनद्वारा प्रदान गरिएको वित्तीय अधिकारको प्रयोगमा केही अन्योलता र द्विविधा देकापरेको छ। केही प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरको राजस्व संकलन गर्ने गरी आर्थिक ऐन तयार गरेका छन् भने केही स्थानीय तहले आम करदाता र सेवाग्राहीलाई अतिरिक्त भार पर्ने गरी राजस्वका दरहरू तोकेका छन्। कतिपय स्थानीय तहहरूले भने आफ्नो अधिकार क्षेत्रभित्रकै राजस्व समेत नउठाउने र अधिकार क्षेत्रभन्दा बाहिरको कर उत्प्रेरणा घोषणा गर्ने कार्य पनि गरेका छन्। वित्तीय संघीयताको प्रयोगका हिसावले चालु आर्थिक वर्ष २०७५/०७६

पहिलो वर्ष भएकोले पनि हुनसक्छ, एकै प्रकृतिका स्थानीय तहमा पनि यसको अभ्यास फरक फरक किसिमको अभ्यास भएको छ। यिनै सन्दर्भहरूमा प्रदेश तथा स्थानीय तहबाट लगाइएका कर तथा शुल्कका बारेमा सञ्चारमाध्यममा विभिन्न टीकाटिप्पणीहरू आएका छन्। अर्थविद् एवम् वित्तीय संघीयताका विज्ञहरूले समेत यसमा चासो देखाएका छन्।

यो परिप्रेक्ष्यमा हाल स्थानीय र प्रदेश तहबाट लगाइएका कर एवम् शुल्कहरूका बारेमा जनमानसमा समेत कौतुहलता रहेको तथा कतिपय स्थानमा जनताकै तहबाट गुनासो समेत आएकाले यस सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०४/२९ को निर्णयले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिवहरू सम्मिलित एक समिति गठन भएको छ।

## २. अध्ययनको उद्देश्य तथा समितिको कार्यदिश

यस समितिलाई देहायका विषय समेट्ने गरी अध्ययन विश्लेषण गरी नेपाल सरकार समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदिश प्रदान गरिएको छ।

क) प्रदेश तथा स्थानीय तहले आफ्नो क्षेत्रमा कर लगाउँदा नेपाल सरकारले लगाएको करसँग पर्न गएको दोहोरोपना;

ख) स्थानीय जनताको कर तिर्न सक्ने सामर्थ्य अनुरूप करारोपण भए नभएको विषय;

ग) कर लगाउँदाको अधिकार क्षेत्रको प्रश्न; र

घ) शुल्क तथा दस्तुरहरू लगाउँदा प्रदान गरिएको सेवा सुविधाको लागत अनुरूप भए नभएको विषय।

## ३. अध्ययन विधि

क) यस अध्ययनका लागि समितिको मिति २०७५/०५/०२ मा बसेको पहिलो बैठकले तथ्याङ्क सङ्कलन तथा विश्लेषणका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सह-सचिव श्री गोपी कृष्ण खनाल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सह-सचिव श्री पुरुषोत्तम नेपाल, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उप-सचिव श्री विष्णुदत्त गौतम, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका उपसचिव श्री निर्मल ढकाल र अर्थ मन्त्रालयका उप-सचिव श्री भिमसेन तिमल्सिना सहितको कार्यदल गठन गरेको थियो।

ख) कार्यदलले मिति २०७५ भाद्र ७ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा काठमाडौं उपत्यका र काभ्रेपलाञ्चोक जिल्लाका नगरपालिकाहरूका प्रमुख प्रशासकीय अधिकृत तथा राजस्व शाखाका प्रमुखहरूसँग छलफल तथा अन्तरक्रिया गरेको थियो। उक्त छलफल तथा अन्तरक्रियामा केही नगरपालिकाहरूका प्रमुख तथा उपप्रमुखहरूले समेत भाग लिनु भएको थियो। छलफल तथा अन्तरक्रियामा उठेका विषयवस्तु र सहभागीको विवरण **अनुसूची १** मा समावेश गरिएको छ।

ग) अध्ययन समितिका सदस्य तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव बैकुण्ठ अर्याल समेतको उपस्थितिमा मिति २०७५ भाद्र १४ गते बुधवार गण्डकी प्रदेशको राजधानी पोखरामा अवस्थित नगर विकास प्रशिक्षण केन्द्रको सभाहलमा कास्की, तनहुँ, पर्वत, स्याङ्जा र गोरखा जिल्लाका स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा राजस्व शाखा प्रमुखहरूसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो। सो कार्यक्रममा गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री मुक्ति पाण्डेले समेत भाग लिनु भएको थियो। सो छलफलमा उक्त क्षेत्रका केही पत्रकारहरूको समेत सहभागिता रहेको थियो। छलफल कार्यक्रमको उपस्थिति तथा प्राप्त विवरणहरू **अनुसूची २** मा समावेश गरिएको छ।

घ) कार्यदलका संयोजक श्री गोपीकृष्ण खनालले रौतहट र बारा जिल्लाका स्थानीय तहको स्थलगत अवलोकन र करसम्बन्धी छलफल गरी तथ्यगत विवरणहरू संकलन गर्नुभएको थियो।

ङ) समितिले प्रतिवेदन तयार गर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय आर्थिक ऐन २०७५, प्रदेश तथा स्थानीय तहका आर्थिक ऐन एवम् विनियोजन ऐनहरू, वित्तीय संघीयताका बारेमा तयार पारिएका विश्व बैंक तथा अन्तराष्ट्रिय मुद्रा कोषका प्रतिवेदनहरू, आयोगका सिफारिसहरू तथा यससम्बन्धी अन्य दस्तावेजहरूको अध्ययन गरेको थियो।

## ४. अध्ययनको सीमा

१) यस अध्ययनमा प्रदेश र स्थानीय तहले सार्वजनिक गरेका कर तथा शुल्कको उपयुक्तता, दोहोरोपना र अधिकार क्षेत्रको प्रयोग सम्बन्धमा मात्र विश्लेषण गरिएको छ।

२) कतिपय स्थानीय तहले आर्थिक तथा विनियोजन ऐन सार्वजनिक गरी नसकेको र आफ्नो वेबसाइटमा समेत नराखेकाले उपलब्ध सीमित सूचनाको आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ।

३) स्थानीय तहका कर तथा गैर कर राजस्वको विषयमा एकीकृत सूचना तथा तथ्याङ्कीय आधार स्थापित भइनसकेकोले जे जति तथ्याङ्क उपलब्ध हुन सक्यो, तिनलाई मात्र आधार बनाइएको छ।

४) समयसीमाका कारण समितिले सबै प्रदेशहरूको स्थलगत अध्ययन गर्न सक्ने अवस्था नरहेकोले मूलतः प्रदेश नं २, ३ र गण्डकी प्रदेशका केही जिल्लाका स्थानीय तहसँग मात्र छलफल गरी प्रतिवेदन तयार गरेको छ।

५) समितिले यस प्रतिवेदनलाई सैद्धान्तिक आधारमा भन्दा पनि व्यावहारिक दृष्टिकोणले विश्लेषण गरेको छ। वित्तीय संघीयताको शुरुवाती चरणमा सिद्धान्त भन्दा पनि व्यवहारवादी दृष्टिकोण (Pragmatism) उपयुक्त हुने समितिको ठम्याइ रहेको छ।

## ५. अध्ययनका लागि लिइएका सैद्धान्तिक आधारहरू

१) अध्ययन समितिले आफ्नो सुझावहरू सम्भव भएसम्म करको दायरा फराकिलो पार्ने र करको दर सानो राख्नुपर्दछ भन्ने मान्यतामा आधारित गरेको छ।

२) समितिको प्रतिवेदन आफ्नो क्षेत्राधिकारभित्रको विषयमा करका दर निर्धारण गर्ने र कर लगाउने अधिकार सम्बन्धित तहको स्वायत्त अधिकार हो भन्ने मान्यतामा आधारित छ।

३) करहरू प्रदेश तथा स्थानीय तहको राजस्व बढाउने स्रोतको रूपमा मात्र नलिएर यसलाई स्थानीय आर्थिक विकासको उत्प्रेरक र जवाफदेहिता तथा सक्षमता अभिवृद्धि गर्ने माध्यमको रूपमा लिनुपर्ने तथ्यमा आधारित भएर समितिले आफ्ना सुझावहरू प्रस्तुत गरेको छ।

४) नेपालको संविधानले तीन तहका सरकारहरूलाई राजस्व अधिकारहरू वितरण गर्ने क्रममा एकल अधिकारको माध्यमद्वारा राजस्व स्वायत्तता (Revenue Autonomy) को अवधारणालाई

आत्मसात् गरेकोले स्थानीय तहलाई संविधान र कानुनले तोकेको एकल राजस्व अधिकार स्थानीय तह बाहेक अन्य तहको सरकारले उपयोग गर्न नसक्ने हुँदा ती अधिकार स्थानीय तहले नै प्रयोग गर्नु पर्दछ भन्ने मान्यतालाई स्वीकार गरिएको छ।

५) कर तिर्न सक्ने क्षमताका आधारमा कर लगाउने (Principle of ability to pay) करको विश्वव्यापी सिद्धान्तलाई स्थानीय तहले लगाउने कर, दस्तुर तथा शुल्कको दर निर्धारण गर्दा सेवा प्रवाहको लागत, करदाताको सामर्थ्य, उपलब्ध गराइने सेवा र सेवाको गुणस्तरलाई आधार मान्नुपर्दछ भन्ने तथ्यलाई स्वीकार गरिएको छ।

६) नेपालको संविधानले बजार संरक्षण गर्ने संघीयता (Market Preserving Federalism) को अवधारणालाई आत्मसात् गरेकाले प्रदेश तथा स्थानीय तहले लगाउने करले वस्तु तथा सेवाको ओसारप्रसारमा अवरोध सिर्जना गर्नुहुँदैन भन्ने मान्यतामा सुझावहरू प्रस्तुत गरिएको छ।

७) नेपालको संविधानले सहकारीमूलक संघीयता अपनाएकाले करको विषयमा तीन तहका सरकारका बीचमा प्रतिस्पर्धा भन्दा पनि सहकार्य जरूरी छ भन्ने मान्यतामा आधारित रही समितिले कर प्रतिस्पर्धा (Tax Competition) भन्दा कर सामञ्जस्यता (Tax Harmonization) हुनुपर्ने अवधारणामा प्रतिवेदन तयार पारेको छ।

## अध्याय २

## प्रदेश तथा स्थानीय करका सम्बन्धमा भएका संवैधानिक तथा कानुनी व्यवस्था

### १. संवैधानिक व्यवस्था

१) नेपालको संविधानको अनुसूची ५ मा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर र आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित विषयमा लाग्ने सेवा शुल्क, दस्तुर र दण्ड जरिवानालाई संघको एकल अधिकार सूचीमा समावेश गरिएको छ। संवैधानिक व्यवस्था अनुरूप यस्ता करहरूको आधार तय गर्ने, दर तोक्ने र कर उठाउने एवम् यसको प्रशासन गर्ने अधिकार संघीय कार्यक्षेत्रमा समावेश भई सोही अनुरूप कार्यान्वयन हुने गरेको छ।

२) संविधानको अनुसूची ६ ले घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर तथा आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयको सेवा शुल्क, दस्तुर तथा दण्ड जरिवानाको अधिकार प्रदेशको एकल अधिकारको सूचीमा राखिएको छ। यस संवैधानिक प्रावधान अनुरूप प्रदेश सभाबाट पारित आर्थिक ऐन तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को सीमामा रही प्रदेश सरकारहरूले कर प्रशासनको कार्य थालनी गरेका छन्।

३) संविधानको अनुसूची ८ ले सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क र सवारी साधन करलाई स्थानीय करको रूपमा परिभाषित गरी यी ४ प्रकारको करलाई स्थानीय तहको कर अधिकारको सूचीमा समावेश गरेको छ। यसै गरी विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), पर्यटन शुल्क, मनोरञ्जन कर तथा आफ्नो कार्य क्षेत्रसँग सम्बन्धित सेवा शुल्क दस्तुर तथा दण्ड जरिवानालाई समेत स्थानीय तहको एकल अधिकार सूचीमा समावेश गरेको छ। यस्ता संवैधानिक प्रावधानहरूलाई गाउँ/नगरपालिकाहरूले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय सभाबाट पारित आर्थिक ऐनको सीमामा रही कर प्रशासन प्रारम्भ गरेका छन्।

४) संविधानको अनुसूची ९ ले सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, पर्यटन शुल्क तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीलाई संघ, प्रदेश तथा स्थानीय तहका साझा अधिकार सूचीमा समावेश

गरेको छ। यस्ता साझा अधिकारको सूचीमा रहेका करहरूको प्रशासन अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुरूप गर्ने गरी व्यवस्था मिलाइएको छ।

५) संविधानको धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतबाट राजस्व उठाउन सक्ने तर साझा अधिकारको सूचीभित्रका विषयमा र कुनै पनि तहको सूचीमा नपरेको विषयमा कर लगाउन र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ। सोही धारामा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिएको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संविधानको अनुसूची ६ र ८ मा परेका एकै किसिमका करको सम्बन्धमा केही करको संकलन प्रदेशले गर्ने र केही करको संकलन स्थानीय तहले गर्ने गरी प्रदेश तथा स्थानीय तह बीच Upward र Downward राजस्व बाँडफाँटको सिद्धान्तलाई अँगालेको छ। नेपालको वित्तीय संघीयता सहकारिताको मान्यतामा आधारित रहेकोले कर प्रशासनको क्षेत्रमा समेत सरकारका सबै तहले संविधानको धारा २३२ को मर्म अनुरूप एक आपसमा प्रतिस्पर्धा नगरी सहकार्य गर्नुपर्ने देखिन्छ।

६) संविधानको धारा ५८ मा अवशिष्ट अधिकार शीर्षकमा संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकार सूची वा साझा सूचीमा उल्लेख नभएको वा संविधानमा कुनै तहले प्रयोग गर्ने भनि नतोकिएको विषयमा संघको अधिकार हुने व्यवस्था रहेको छ। यस प्रावधान अनुरूप प्रदेश तथा स्थानीय तहले संविधान तथा प्रचलित कानुनमा उल्लेख नगरिएका तर प्रादेशिक एवम् स्थानीय प्रकृतिका करको लागि संघीय कानुनको पालना गर्न अनिवार्य देखिन्छ। संविधानको धारा ५८ ले अविशिष्ट अधिकार संघमा सुरक्षित राखेकाले करका नयाँ क्षेत्रहरू पहिचान गरी करको दायरा निर्धारण गर्ने अधिकार संघमा नै रहेको देखिन्छ।

७) संविधानको धारा ५९ मा संघ, प्रदेश तथा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति योजना तयार गर्ने र यसको कार्यान्वयन गर्नेछन् भनी उल्लेख गरिएको छ। सोही दफामा संघले साझा अधिकारको विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागु हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्नेछ भनी उल्लेख गरिएको छ। यसै धारामा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश तथा

स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानुन बमोजिम हुने व्यवस्था गरिएको छ। एकल कर अधिकार सूचीको विषयमा प्रदेश तथा स्थानीय तहसँग कानुन बनाउन सक्ने अधिकार रहेता पनि यस्तो अधिकारको प्रयोग गर्दा केन्द्रिय नीति तथा मापदण्ड अनुरूप गर्नुपर्ने देखिन्छ।

८) संविधानको धारा ५७ मा साझा अधिकारका विषयमा प्रदेश तथा स्थानीय तहले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र बाझिएमा बाझिएको हदसम्म संघीय कानुन नै लागु हुने व्यवस्था रहेको छ। यसैगरी स्थानीय तहले साझा अधिकारका विषयमा कानुन निर्माण गर्दा संघ र प्रदेशको कानुनसँग नबाझिने गरी बनाउनुपर्ने र बाझिएमा बाझिएको हदसम्म अमान्य हुने व्यवस्था गरेको छ। तल्ला तहका सरकारले पारित गरेको आर्थिक ऐन माथिल्लो तहको सरकारबाट पारित गरेको आर्थिक ऐनसँग नबाझियोस् भनी नेपालको संविधान तथा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ नेपाल सरकारको अर्थ मन्त्रीले प्रत्येक वर्ष जेठ १५ गते, प्रदेशको अर्थ मन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गते भित्र र स्थानीय तहका कार्यपालिकाहरूले प्रत्येक वर्ष असार महिनाको १० गते भित्र आगामी आर्थिक वर्षको आय व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था गरेको छ।

९) संविधानको धारा १११, २०३ र २२८ मा संघ, प्रदेश तथा स्थानीय तहहरूले कानुनबमोजिम बाहेकका कुनै कर लगाउन वा उठाउन नपाउने व्यवस्था गरिएको छ। सो धारा अनुरूप स्थानीय र प्रदेश सरकारले आफ्नो सभाबाट आर्थिक ऐन पारित नगरी कर लगाउन सक्ने अवस्था छैन। यस प्रावधान अनुसार आर्थिक ऐन तथा विनियोजन ऐन विपरीत आवश्यकताको सिद्धान्तको आधारमा मात्र कुनै पनि तहका सरकारले कर लगाउने र खर्च गर्ने अधिकार प्राप्त गरेका छैनन्।

## २. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का मुख्य व्यवस्थाहरू

१) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३(१) मा नेपाल सरकारले संघीय कानुन बमोजिम संघीय कर अन्तर्गत (१) भन्सार महसुल (२) मूल्य अभिवृद्धि कर (३) संस्थागत आयकर (४) व्यक्तिगत आयकर (५) पारिश्रमिक कर र (६) अन्तःशुल्क गरी छ प्रकारका करहरू तथा राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड-जरिवाना, जुवा चिठ्ठा क्यासिनो जस्ता गैर करहरू लगाउन तथा उठाउन सक्ने व्यवस्था गरिएको छ।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३(२) मा प्रदेश कानुन बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर र कृषि आयमा कर गरी पाँच प्रकारका कर र सेवा शुल्क दस्तुर, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने तथा उठाउन पाउने अधिकार प्रदेशलाई प्रदान गरिएको छ।

३) उपरोक्त ऐनको दफा ३(३) ले स्थानीय तहलाई सम्पत्ति कर, घर बहालकर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर गरी आठ प्रकारका कर तथा सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना जस्ता गैर करहरू लगाउने र उठाउने अधिकार दिएको छ।

४) ऐनको दफा ३ (४) मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानुन बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको दण्ड जरिवाना उठाउनेछ भनी उल्लेख गरिएको छ।

५) ऐनको ३ (५) मा प्रदेश तथा स्थानीय तहले कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्ने व्यवस्था गरिएको छ। यसबाट सरकारका तीनै तहले कर लगाउँदा बजारलाई प्रतिकूल प्रभाव पार्न नहुने र वस्तु तथा सेवाको ओसारपसारमा Negative Externalities सिर्जना गर्न नहुने स्पष्ट हुन्छ।

६) ऐनको दफा ३(६) मा नेपाल सरकारले संघीय कानुनबमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन पाउने व्यवस्था गरिएको छ।

७) ऐनको दफा ४ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार कार्यलाई आधार मानी गैर करका दर निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ।

८) ऐनको दफा ५ ले प्रदेश तथा स्थानीय तहका साझा कर अधिकारको लागि एकल कर प्रशासनको व्यवस्था गरेको छ। यसले सवारी साधन करका दर प्रदेशले लगाउने र उठाउने तर टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधनको करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने स्पष्ट व्यवस्था गरेको छ। सोही दफामा घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने, मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँ/नगरपालिकाहरूले उठाउने र विज्ञापन करको दर गाउँ/नगरपालिकाहरूले लगाउने र उठाउने व्यवस्था गरेको छ। यसरी उठेको रकम

उठाउने तहलाई ६० प्रतिशत र पाउने तहलाई ४० प्रतिशत हुने गरी बाँडफाँट हुने व्यवस्था गरिएको छ।

९) ऐनको दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटको व्यवस्था गरिएको छ। यस अनुसार नेपाल सरकारले पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट गर्दा नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशतका दरले बाँडफाँट गर्ने व्यवस्था गरेको छ। नेपाल सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश तथा स्थानीय तह (सम्बन्धित स्थानीय तह, जिल्ला समन्वय समिति) लाई त्यसरी प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा प्राकृतिक स्रोतको बाँडफाँट र वितरण गर्नुपर्ने व्यवस्था समेत गरिएको छ।

१०) ऐनको दफा ३१ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरेबमोजिम गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ। यसबमोजिम नेपाल सरकारले स्थानीय तहको आय र खर्चको लागि स्थानीय तहको वित्त व्यवस्थापन नियमावली बनाई एकरूपता प्रदान गर्न सक्ने देखिन्छ। साथै प्रदेश तथा स्थानीय तहहरूले नेपाल सरकारले तोकिदिएको लेखा मापदण्डको पालना गर्नुपर्ने देखिन्छ।

११) ऐनको दफा ३२ ले नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आय र व्ययको आवधिक विवरण नेपाल सरकारले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ।

१२) ऐनको दफा ३४ मा नेपाल सरकारले वित्तसम्बन्धी विषयमा आफैं वा प्रदेश मार्फत् स्थानीय तहलाई निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुने व्यवस्था रहेको छ।

## ३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का व्यवस्थाहरू

१) स्थानीय सरकार सञ्चालन ऐनको परिच्छद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको बारेमा उल्लेख गरेको छ।

२) ऐनको दफा ५४ मा कानुनबमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा कर लगाउन र उठाउन नपाउने व्यवस्था गरिएको छ।

३) ऐनको दफा ५५ देखि ६१ सम्म सम्पत्ति कर, भूमि कर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ् शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु करका बारेमा र दफा ६२ मा सेवा शुल्कको विषयमा उल्लेख गरिएको छ।

४) ऐनको दफा ६५ मा स्थानीय राजस्व परामर्श समितिको व्यवस्था गरिएको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, संशोधन, परिमार्जन र ऐनको परिमार्जनको सम्बन्धमा आवश्यक परामर्श दिने, राजस्वका दायरा र दरको विश्लेषण गरी स्थानीय उद्योग तथा व्यवसायको प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने; कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क दस्तुर, आर्थिक दर सम्बन्धमा परामर्श दिने र राजस्व सुधारका लागि आवश्यक परामर्श दिने कार्य गर्दछ।

५) संघीय आर्थिक ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ लाई संशोधन गरी एकीकृत सम्पत्ति करको स्थानमा सम्पत्ति करको व्यवस्था गरेको छ। नयाँ व्यवस्था अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरले चर्चेको (Plinth Area) जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ। यसमा चर्चेको जग्गा भन्नाले भवन र भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा वा ५४७२ वर्ग फिट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई सम्झनुपर्दछ भनी उल्लेख गरेको छ। सो दफामा बाँकी रहेको जग्गामा भूमि कर (मालपोत) लगाउने व्यवस्था गरेको छ। साथै सम्पत्ति कर लगाउँदा घर र जग्गाको आकारप्रकार र बनोट, घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रासकट्टी र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्थालाई आधार मान्नुपर्ने भनी उल्लेख गरिएको छ।

६) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(४) को खण्ड (झ) ले प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको संकलन तथा बाँडफाँटको अधिकार गाउँपालिका तथा नगरपालिकालाई प्रदान गरेको छ।

७) ऐनको दफा ६६ मा गाउँपालिका तथा नगरपालिकाका सम्बन्धित प्रमुखको संयोजकत्वमा उपाध्यक्ष वा उपप्रमुख सदस्य, कार्यपालिकाका सदस्यहरूमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेका ४ जना सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको व्यवस्था

गरिएको छ। यस समितिले मुख्य रूपमा आन्तरिक आयको प्रक्षेपण गर्ने कार्य गर्दछ।

# अध्याय ३

# प्रदेश तथा स्थानीय करको स्थिति विश्लेषण

## १. संवैधानिक तथा कानुनी व्यवस्थामा देखिएका समस्या

१) नेपालको संविधानको अनुसूची ५, ६ र ८ मध्ये संघको एकल अधिकार सूचीमा **पर्यटन दस्तुर**, प्रदेशको एकल कर अधिकार सूचीमा **पर्यटन** भन्ने शब्द र स्थानीय तहको एकल अधिकार सूचीमा **पर्यटन शुल्क** भन्ने शब्द परेको छ। यसबाट पर्यटन शीर्षकबाट कुन कुन तहले के कस्तो आय प्राप्त गर्ने भन्ने स्पष्ट हुँदैन। संविधानको अनुसूची ९ मा **पर्यटन शुल्क**लाई संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सूचीमा समेत समावेश गरिएको छ। संविधानको अनुसूचीमा पर्यटन, पर्यटन दस्तुर र पर्यटन शुल्क भनी यसबाट प्राप्त आयलाई कतै एकल अधिकार सूचीमा कतै साझा अधिकार सूचीमा समावेश गरेकोले पर्यटन सम्बन्धि कर र शुल्कमा दोहोरोपना तथा अन्योल देखिएको छ।

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविकको दफा ५५ ले २०७५ श्रावण १ देखि सबै स्थानीय तहले एकीकृत सम्पत्ति कर लगाउने व्यवस्था गरेको थियो। सोही व्यवस्था अनुरूप अधिकांश गाउँपालिका तथा नगरपालिकाले एकीकृत सम्पत्ति करको तयारी गरेको पाइयो। तर आर्थिक ऐन, २०७५ ले सो दफा संशोधन गरी एकीकृत सम्पत्ति करका स्थानमा सम्पत्ति कर मात्र लगाउने व्यवस्था गरेको छ। साथै एकीकृत सम्पत्ति करमा सबै जग्गा र भवनलाई एकीकरण गरी सम्पत्ति कर लगाउने गरिएकोमा हालको नयाँ व्यवस्थाले गाउँपालिका तथा नगरपालकाले आफ्नो क्षेत्रभित्रको घर र सोले चर्चेको जग्गा (Plinth Area) मा सम्पत्ति कर लगाउन सकिने व्यवस्था गरेको कारण धेरै स्थानीय तहमा यस विषयमा अन्योलता रहेको देखिएको छ।

## २. प्रदेश तथा स्थानीय तहको राजस्व अधिकारको उपयोगमा देखिएका समस्या

१) विभिन्न प्रदेश तथा स्थानीय तहहरूले आ-आफ्नै बुझाइका आधारमा प्रचलित कानुनप्रदत्त कर अधिकारको प्रयोग गरेका छन्। सरोकारवालाहरूसँग छलफल गर्दा कतिपयले कानुनको दायरा बाहिर कर लगाएको पाइयो भने कतिपयले करको सम्भावना भएर पनि यसको अभ्यासै शुरु नगरेको देखियो।

२) ढुङ्गा, गिट्टी, बालुवाजस्ता निर्माणजन्य पदार्थ गत आर्थिक वर्षसम्म स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको कानुनी व्यवस्थाका आधारमा जिल्ला समन्वय समितिले बिक्री र व्यवस्थापन गरिआएकोमा कुनै संघीय ऐनमा यस्ता वस्तुको बिक्री तथा निकासी सम्बन्धमा कुनै स्पष्ट कानुनी व्यवस्था नरहेको कारण स्थानीय तहमा त्यस्ता स्रोतको व्यवस्थापनमा अन्योल पैदा भएको छ। यस अवस्थामा कतिपय स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ११ को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६) मा भएको व्यवस्था अनुरूप बिक्री तथा निकासी ठेक्का बन्दोबस्त गरेको र कतिपय स्थानीय तहले प्रदेश कानुनका आधारमा यस्ता वस्तुमा शुल्क लगाइआएको देखियो। यस विषयमा प्रदेशहरूले निर्माण गरेको कानुनमा एकरूपता देखिएन भने यसरी बनेका कानुनका बारेमा कतिपय स्थानीय तहलाई जानकारी समेत नरहेको देखियो। कतिपय स्थानीय तहहरूले प्रदेशले कानुन निर्माण गर्नु अघि नै यस्ता पदार्थको ठेक्का लगाइसकेकाले प्रदेशको कानुन अनुसार सो ठेक्का समायोजन गर्न समस्या भएको देखियो। गण्डकी प्रदेशमा उच्च अदालतबाट नदीजन्य पदार्थ निकाल्दा एक्साभेटर, डोजर लगायत भारी उपकरण प्रयोग नगर्ने आदेश भएको तर प्रदेशको कानुनमा वातावरणीय परीक्षण गरी यस्ता भारी उपकरण समेत प्रयोग गर्नसक्ने व्यवस्था रहेकोले यस्ता साधनको प्रयोगको विषयमा स्थानीय तहहरूमा अन्योल देखिएको छ।

३) स्थानीय तहमध्ये खासगरी नगरपालिकाहरूले विगतमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा रहेको व्यवस्था अनुरूप नेपाल सरकारको स्वीकृतिमा न्यूनतम र अधिकतम दरको सीमाभित्र रही व्यवसाय कर उठाइआएकोमा हालको कानुनी व्यवस्थाले यस्तो करको दर स्थानीय सभाले नै निर्धारण गर्न सक्ने व्यवस्था अनुरूप लामो समयपछि पुनरावलोकन गर्दा बजारको मूल्यवृद्धिलाई समेत समायोजन गर्ने क्रममा सरोकारवालासँग पर्याप्त छलफल नभएको कारण केही स्थानीय तहहरूमा समस्या उत्पन्न भएको देखियो। साथै यस्तो कर गाउँपालिकाले समेत पहिलोपटक कार्यान्वयनमा ल्याउँदा पर्याप्त छलफल र तयारी भएको देखिएन। कतिपय पुराना नगरपालिकाहरूमा बक्यौता कर मिन्हा दिने गरेको पाइयो भने यस करको कार्यान्वयनका लागि व्यवसायको दर्ता, नवीकरण, वर्गीकरण, खारेजी जस्ता विषयमा कार्यविधि कानुन नहुँदा कर प्रशासन सञ्चालनमा अन्योल रहेको पाइयो।

४) विगतमा जिल्ला विकास समितिहरूले कृषिजन्य, पशुजन्य र वनजन्य वस्तुहरू एक जिल्लाबाट अर्को जिल्लामा निकासी हुँदा निकासी कर ठेक्का लगाउने गरेकामा हाल जिल्ला समन्वय समितिलाई सोसम्बन्धी अधिकार नभएकाले साविकमा जिल्ला विकास समितिबाट लगाउने गरिएको निकासी करलाई गाउँपालिका तथा नगरपालिकाले निरन्तरता प्रदान गरिएको देखियो। हाल प्रचलित कानुनहरूमा निकासी कर सम्बन्धी व्यवस्था नभएकाले यस्ता वस्तुमा कर लगाउने वा नलगाउने भन्ने सवालमा केही स्थानीय तहमा अन्योल देखिएको छ।

५) विक्रम सम्वत् २०७५ बैशाख १० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आयआर्जन गर्ने घरबहाल आयमा लाग्ने कर नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रचलित कानुनको अधीनमा रही सम्बन्धित स्थानीय तहले संकलन गर्ने र कानुनी व्यक्तिको घरबहाल आयमा नेपाल सरकारले बहाल कर संकलन गर्ने व्यवस्था गरिएको छ। साथै सो सूचनामा स्थानीय तहलाई घरबहाल कर तिरेका प्राकृतिक व्यक्तिहरूले आर्जन गरेको घरबहाल आयमा संघीय सरकारलाई बुझाउनुपर्ने आर्थिक वर्ष २०७४/७५ को आयकर आर्थिक ऐन २०७४ को दफा ९ बमोजिम छुट दिने व्यवस्था समेत गरिएको छ। यस व्यवस्थापछि घरबहाल कर स्थानीय तहले संकलन गर्ने हुँदा विगत वर्षको लगत समेत करदाताको स्थायी ठेगाना रहेका स्थानीय तहको आन्तरिक राजस्व कार्यालयले हस्तान्तरण गर्ने र घरबहाल कर संकलन गर्ने निकायबाटै यस्ता कर तिरेको आय प्रमाणित गर्ने निर्णय भएको छ। स्थानीय तहमा भएका छलफलहरूमा घरबहाल कर संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकारको सूचीमा रहेको कर भएकोले सबै किसिमको घर बहाल करको प्रशासन स्थानीय तहकै क्षेत्राधिकारमा आउनुपर्ने धारणा व्यक्त भएको छ।

६) आन्तरिक आय संकलनमा कतिपय स्थानीय तहले निजी व्यवसायीले बनाएका सफ्टवेयर प्रयोगमा ल्याएको, कतिपयले सहरी विकास मन्त्रालयको सफ्टवेयर प्रयोगमा ल्याएको र कतिपयले Microsoft Excel प्रयोग गरेको पाइयो। सम्पत्ति कर लगायत आन्तरिक आय संकलनमा नेपाल सरकारले सबै स्थानीय तहले प्रयोग गर्नसक्ने सफ्टवेयर उपलब्ध गराई एकरूपता कायम गर्नुपर्ने देखियो।

७) नेपालको संविधान, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन दस्तुर र शुल्क संकलनको अधिकार संघ र स्थानीय

तहलाई प्रदान गरेको र संघले संकलन गर्ने दस्तुर रोयल्टीको रूपमा प्रदेश र स्थानीय तहले समेत प्राप्त गर्ने व्यवस्था गरेको भएता पनि TAAN, NMA, SPCC, TIMS, ACAP जस्ता संस्थाहरूले विगतदेखि पर्यटकहरूसँग विभिन्न नाममा शुल्क र दस्तुर उठाइआएकोमा हालको संवैधानिक र कानुनी व्यवस्था अनुसार यस्तो शुल्क र दस्तुर ती संस्थाहरूले उठाउन मिल्ने देखिएन।

८) केही स्थानीय तहहरूले स्थानीय तहभित्रका सडकमा पटके सवारी साधन कर लगाइएको पाइयो। संविधान र संघीय कानुनमा सवारी साधन करको व्यवस्था गरिएको तर पटके सवारी करको व्यवस्था गरिएको देखिंदैन। पटके सवारी करबाट कम आम्दानी हुने भएता पनि गुनासो ज्यादा हुने गरेको पाइयो। कतिपय स्थानीय तहले सवारी साधन कर तथा दर्ता अनुमति दस्तुर समेत लिने गरेको पाइयो।

९) केही नगरपालिकाले ऐन, नियम, कानुनमा कतै व्यवस्था नभएको प्रदूषण शुल्क समेत लगाएको पाइयो। शुक्लगण्डकी नगरपालिकामा रहेको सूर्य नेपालले प्रदूषण शुल्कको कारण मर्कामा परेको गुनासो समेत प्राप्त हुन आयो।

१०) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने अधिकार प्रदान गरेकोमा कतिपय व्यवसायीले यसलाई दोहोरो करको रूपमा लिएको पाइयो। व्यवसाय कर कारोबारको आधारमा नलगाई अधिकांश स्थानीय तहले यसलाई विगतमा झैं Flat दरमा लगाएको पाइयो।

११) सार्वजनिक खरिद ऐन सबै स्थानीय तहमा समेत लागु हुने व्यवस्था गरिएकोमा सो ऐनका कतिपय प्रावधान स्थानीय तहको कार्यप्रकृतिसँग मेल खाने नदेखिएको र सार्वजनिक खरिद ऐनमा आय ठेक्का बन्दोबस्त सम्बन्धी कुनै व्यवस्था नहुँदा स्थानीय तहमा आय ठेक्का बन्दोबस्त गर्न कानुनी अन्योल रहेको देखियो।

१२) अधिकांश स्थानीय तहले राजस्व सम्भाव्यता अध्ययन गर्ने र राजस्व सुधारको कार्ययोजना तर्जुमा गर्ने गरेको देखिएन। स्थानीय तहले आफूलाई प्राप्त अधिकार उपयोग गर्न नसकेको अवस्थामा उसले संघीय सरकारबाट पाउने अनुदान घट्न सक्ने, स्थानीय तहलाई प्रदत्त अधिकार अर्को तहको सरकारले उपयोग गर्न नमिल्ने र यसबाट अन्ततोगत्वा नेपाल सरकार

माथि अनुदान बढाउन दबाब सिर्जना हुने भएकोले स्थानीय तहलाई संविधान र प्रचलित कानुनले प्रदान गरेको राजस्व अधिकारको पूर्ण उपयोग गर्नसक्ने गरी क्षमता विकास गर्न र राजस्व सुधार योजना तर्जुमा गर्न सहयोगको आवश्यकता देखियो।

१३) आर्थिक वर्ष शुरु भएको दुई महिना बितिसक्दा पनि ७२ स्थानीय तहहरूले आर्थिक वर्ष २०७५/७६ का लागि हालसम्म पनि सभामा आर्थिक ऐन तथा आय र व्ययको विवरण पेश नगरेको र ८ वटा स्थानीय तहमा पेश भएता पनि पारित नभएको अवस्थाले कानुन बमोजिमबाहेक आय र व्यय गर्न नपाइने कानुनी प्रावधानको परिपालना हुन नसकेको प्रष्ट देखिएको छ।

१४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा समावेश भएका स्थानीय तहका राजस्व अधिकारको प्रयोगका लागि आवश्यक पर्ने स्थानीय तहको कानुन निर्माणमा सहजीकरणका लागि संघीय मन्त्रालयहरूबाट तयार गरी पठाइएका नमूना कानुन तथा कार्यविधिहरू माथि कतिपय स्थानीय तहले स्वामित्व ग्रहण गरेको देखिएन।

१५) कतिपय प्रदेश र स्थानीय तहमा कर सम्बन्धी ज्ञान, सीप र क्षमतामा कमी रहेको देखियो। कर संकलनका लागि कराधार सम्बन्धी एकीकृत लगतको अभाव, व्यवस्थित कर प्रशासनका लागि आवश्यक जनशक्तिको कमी तथा करका दरहरूमा आन्तरिक रूपमा र अन्य सरोकारवालाहरूसँग पर्याप्त छलफल एवम् तयारी समेत नभएको देखियो। स्थानीय राजस्व परामर्श समिति समेत पूर्णरूपमा सक्रिय हुनसकेको देखिएन।

१६) सम्पत्ति कर कार्यान्वयनमा स्थानीय तहहरूबीच एकरूपता देखिएन। विगतदेखि कार्यान्वयनमा रहेका र चालु आर्थिक वर्ष देखि कार्यान्वयनको तयारीमा रहेका स्थानीय तहमा संघीय कानुनमा भएको परिवर्तनबारे समयमै आधिकारिक जानकारी पुग्न नसक्दा यस्तो भिन्नता आएको पाइयो। सम्पत्तिको मूल्याङ्कन र करको दरमा एउटै जिल्लाभित्रका स्थानीय तहहरूबीच पनि ठूलो अन्तर रहेकोले करदाताहरूमा अन्योल, आशंका र नकारात्मक असर पर्न गएको देखियो। सम्पत्ति कर र भूमिकर (मालपोत) व्यवस्थापनका लागि सम्पत्तिको परिभाषा, मूल्याङ्कन पद्धति, ह्रासकट्टी र करका दर आदि विषयमा नमूना कार्यविधि तर्जुमा गरी स्थानीय तहलाई समयमै उपलब्ध गराउन नसकिएको कारण पनि यसमा अन्योल हुन गएको देखियो।

१७) एउटै सम्पत्तिमा घरबहाल कर र सम्पत्ति कर लाग्ने भएकोले दोहोरो कर भएको भन्ने आम जनबुझाइ रहेको पाइयो। सम्पत्ति कर सम्पत्ति धारण गरेबापत लाग्ने कर भएको र घरबहाल कर बहालको आयमा लाग्ने भएकोले यी दुवै करको कराधार नै फरक हो भन्ने कुरा पनि स्थानीय तहले स्पष्ट गर्न सकेको देखिएन।

१८) सेवाशुल्क दस्तुर निर्धारणमा स्थानीय तहमा एकरूपता रहेको पाइएन। एउटै जिल्लाभित्रका छिमेकी स्थानीय तहहरूबीच पनि यस्तो दरमा ठूलो अन्तर रहेको पाइयो। स्थानीय तहले सेवाशुल्क र दस्तुर निर्धारण गर्दा लागतलाई आधार मानेको देखिएन। संघीय कानुनमा व्यवस्था भएको व्यक्तिगत घटना दर्ताको विलम्ब शुल्क निर्धारणमा पनि संघीय कानुनको परिपालना भएको देखिएन। स्थानीय तहले लिने सेवाशुल्क र दस्तुरलाई ती निकायले उपलब्ध गराउने सेवाको लागत, जनताको शुल्क तिर्नसक्ने सामर्थ्य अवस्था र छिमेकी अन्य स्थानीय तहको दरसँग तालमेल कायम गर्ने गरेको देखिएन। साथै सेवा नै प्रदान नगरेको क्षेत्रमा पनि शुल्क लिने गरेको समेत देखियो।

१९) साविकमा जिल्ला विकास समितिहरूले ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, पत्थर कोइला, इँटा, सिमेन्ट, मिनरल वाटर, सुर्ती तथा वनजन्य वस्तुमा उठाई आएको जिल्ला निकासी कर सम्बन्धी विषयमा हाल नेपालको संविधान र विद्यमान संघीय कानुनमा व्यवस्था नभएको भएता पनि केही स्थानीय तहहरूले यस्ता वस्तु र फलामे डण्डी, क्लिङ्कर आदि वस्तुमा समेत निकासी कर लिने गरेको पाइयो।

२०) जिल्लाभित्र उत्पादित जीवजन्तुको हाड, सिङ, छाला तथा व्यावसायिक प्रयोजनको उद्देश्यले उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु र चौपायाको व्यापारमा विगतमा जिल्ला विकास समितिले कर उठाई आएकोमा हालको संवैधानिक र संघीय कानुनी व्यवस्था अनुरूप यस्तो प्रकृतिको कर लिन नपाइने भएता पनि प्रदेश नं. १ ले प्रदेशभित्र उत्पादन भै जिल्ला निकासी हुने कृषिजन्य, पशुजन्य र वनजन्य वस्तुमा जिल्ला निकासी कर लिने गरी कानुन बनाई सम्बन्धित जिल्ला समन्वय समितिहरूलाई कर उठाउन लेखी पठाएबमोजिम जिल्ला समन्वय समितिहरूले ठेक्का बन्दोबस्त गरी कर उठाउन प्रारम्भ गरेको र यस्तो कर नउठाउन जिल्ला समन्वय समितिहरूलाई नेपाल सरकारको तर्फबाट निर्देशन गरिएकोमा प्रदेश सरकारबाट जिल्ला समन्वय समितिलाई यस्तो करमा निरन्तरता प्रदान गर्ने गरी तत् तत्

जिल्लामा आदेश प्राप्त भएको कारण अन्योल उत्पन्न भएको भनी कतिपय जिल्ला समन्वय समितिबाट पुनः निर्देशन माग भएको पाइयो।

२१) घर बहाल करको दरमा स्थानीय तहबीच एकरूपता नदेखिएको र स्पष्ट कार्यविधि कानुनको व्यवस्था नभइसकेको कारण यस्तो कर पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन नसक्दा विगतमा संघीय सरकारले परिचालन गरिरहेको स्रोत समेत गुम्नसक्ने अवस्था देखियो।

२२) केही स्थानीय तहले खानेपानी वितरण गर्ने ट्याङ्करमा कर लिएको, स्थानीय तहमा उत्पादित कृषिजन्य वस्तु डोकोमा राखी घुम्ती रूपमा व्यापार गर्ने कृषकसँग कर लिने गरेको, मरेको बाख्राको कर लिएको, साइकलमा कर लिएको, खोला तरेको कर लिएको, गुम्बामा सञ्चालित व्यवसाय तथा गुम्बालाई पनि कर लिने गरेको जस्ता विषय पनि विवादित र टीकाटिप्पणीको विषय बनेको देखियो। यी विषयहरूमध्ये बीमा भुक्तानीका लागि पशु मरेको प्रमाणित सिफारिसमा लगाइएको र हाटबजार शुल्क, डुङ्गा सञ्चालन अनुमति दस्तुरजस्ता क्षेत्रमा कर लिने अभ्यास साविकदेखि नै स्थानीय निकायले गरिआएको देखिएकोले सञ्चारमाध्यमहरूबाट पूर्ण तथ्यमा आधारित नभई यस्ता विषयका टीकाटिप्पणीहरू भएको समेत पाइयो। तथापि केही स्थानीय तहले भने प्रति डोको शुल्क लगाएको पनि पाइयो।

२३) केही प्रदेशले प्राकृतिक स्रोत उपयोग करका नाममा सो प्रदेशमा उत्पादित सिमेन्टमा समेत कारोबार मूल्यलाई आधार मानी कर उठाउने गरेको पाइयो। साथै अन्तराष्ट्रिय सिमानासँग जोडिएका विषयहरू नेपाल सरकारको क्षेत्राधिकारभित्र पर्नेमा प्रदेश नं. ५ ले भारतीय नम्बर प्लेटका सवारीहरूमा सवारी प्रवेश शुल्क लिइआएको देखियो।

२४) काठमाडौं उपत्यकाभित्रका नगरपालिकाहरूमा बक्यौता राजस्व आंशिक रूपमा तिर्न चाहने करदातालाई Software को कारण देखाई एकैपटक सबै रकम चुक्ता नगरेसम्म कर नै नबुझ्ने गरेको कारण एकातर्फ करदातालाई ठूलो रकम बक्यौता रहेको अवस्थामा रकमको जोहो गर्न समस्या हुने गरेको र अर्कोतर्फ यस नीतिले गर्दा नगरपालिकाहरूको राजस्व परिचालन नै न्यून हुने सम्भावना देखियो।

२५) छलफलका सहभागीहरूबाट कर तथा सार्वजनिक खर्च व्यवस्थापनको सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट निरन्तर रूपमा क्षमता विकास गर्नुपर्ने सुझाव प्राप्त भएका छन्।

# अध्याय ४

# सुझावहरू

## १. राजस्व अधिकारको उपयोग

१) नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रदान गरिएको कार्य जिम्मेवारी तथा तोकिएको राजस्व अधिकारलाई विश्लेषण गर्दा विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम तत्कालीन स्थानीय निकायलाई प्रदान गरिएका अधिकार र हालको स्थानीय तहलाई प्रदान गरिएका राजस्व अधिकारमा खासै भिन्नता पाइँदैन **(यससम्बन्धी तुलनात्मक विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ)।** विगतमा नगरपालिका र गाउँ विकास समितिहरूले आफूलाई प्राप्त राजस्व अधिकारको पूर्ण उपयोग नगरेको भएता पनि हाल निर्वाचित स्थानीय सरकारले पहिलो पटक यस्तो अधिकारको उपयोग गर्न प्रारम्भ गरेको र यसरी नयाँ पद्दति अवलम्वन गर्दा कतिपय अवस्थामा पर्याप्त छलफल र तयारी नभएको कारण केही स्थानीय तहमा समस्या देखिएको पाइयो। तसर्थ, सबै स्थानीय तहले आफूले लगाएको कर तथा सेवा शुल्कको विषयमा करदातालाई विभिन्न माध्यमद्वारा तत्काल सुसूचित गर्नुपर्ने देखिएको छ।

२) स्थानीय तहलाई संविधान र प्रचलित कानुनले प्रदान गरेको राजस्व अधिकारको पूर्ण उपयोग गर्नसक्ने गरी क्षमता विकास गर्न र राजस्व सुधार योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने आवश्यकता देखिएको छ।

३) नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका सरकारहरूले मात्र सम्बन्धित व्यवस्थापिकाद्वारा स्वीकृत कानुनको अधीनमा रही राजस्व अधिकारको उपयोग गर्नसक्ने व्यवस्था गरेको छ। यस व्यवस्थाले तीन तहका सरकार संघ, प्रदेश र स्थानीय तह (नगरपालिका र गाउँपालिका) बाहेक अन्य Non State Actors लाई हस्तान्तरण भएका राजस्व उठाउने अधिकार संविधानको अक्षर र भावना (Letter and Spirit) सँग मेल खाँदैन। हाल पर्यटनसँग सम्बन्धित कर तथा शुल्क उठाउने कार्य विभिन्न आयोजना तथा समितिहरूबाट पनि भइरहेको देखिएको छ। पर्यटन रोयल्टी तथा दस्तुरवापत नेपाल सरकारले उठाएको राजस्व कानुन बमोजिम बाँडफाँट हुने व्यवस्था रहेको र प्रदेशले समेत यस्तो बाँडफाँट प्राप्त गर्ने र संविधानको अनुसूची ६ मा प्रदेश सरकारले छुट्टै पर्यटन शुल्क उठाउनसक्ने क्षेत्राधिकार तोकिएको देखिएन। स्थानीय तहले पनि आफूले निर्माण, व्यवस्थापन

वा सञ्चालन गरेको पर्यटकीय पूर्वाधारमा प्रवेश शुल्क मात्र लिन पाउने देखिएकोले यी तहका सरकार बाहेक अन्य कुनै सरकारी निकाय वा समिति वा आयोजनाबाट पर्यटनसँग सम्बन्धित कुनै प्रकारका शुल्क दस्तुर लिन नपाउने व्यवस्था तत्कालै लागु गर्नुपर्ने देखिएको छ।

## २. प्रदेश र स्थानीय तहको नमूना आर्थिक ऐन

१) संघीय अर्थ मन्त्रालयले चालु आर्थिक वर्षका लागि प्रदेश तथा स्थानीय तहका निमित्त तयार गरी पठाएको नमूना आर्थिक ऐनको ढाँचालाई दुवै तहका सरकारहरूले पूर्णरूपमा आत्मसात् गर्नुपर्ने देखिएको छ। सो नमूना कानुन अनुसार आ-आफ्ना कानुन निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सहयोग र समन्वय नगरेका कारण ऐनको ढाँचा, विषयवस्तु र दरमा प्रदेशगत रूपमा र एउटै जिल्लाभित्रका स्थानीय तहका बीचमा समेत व्यापक अन्तर देखिएको छ। यसबाट स्थानीय तहलाई कर अधिकारको कार्यान्वयन गर्न असहज हुनुका साथै करदातामा समेत अन्योलको अवस्था सिर्जना भएको देखिएकोले अर्थ मन्त्रालयले अविलम्ब सरोकारवाला अन्य संघीय मन्त्रालयहरूसँग समेत समन्वय गरी नमुना कानुन उपलब्ध गराउने र त्यसको प्रभावकारी परिपालनाको वातावरण मिलाउनुपर्ने देखिन्छ।

२) नेपालको संविधानका अनुसूचीहरूमा उल्लेख भएका राजस्व अधिकारहरूलाई कार्यान्वयन गर्न जारी गरिएका विभिन्न संघीय कानुनहरूमा गरिएका फरक फरक व्यवस्थाहरूले अन्योल र द्विविधा सिर्जना गर्नुका साथै कतिपय अवस्थामा एक आपसमा बाझिएको समेत देखिएकोले तीनै तहका सरकारहरूले राजस्व अधिकारको कार्यान्वयन गर्नसक्ने गरी राजस्वसँग सम्बन्धित एकीकृत संघीय कानुन निर्माण गर्नु आवश्यक देखिएको छ।

## ३. व्यवसाय कर सम्बन्धमा

१) व्यवसाय करका सम्बन्धमा सबै स्थानीय तहले यथाशीघ्र सरोकारवालाहरूसँग पर्याप्त छलफल गरी देखिएका जनगुनासाहरूको सम्बोधन गर्नुका साथै यससम्बन्धी अन्योल हटाउन तथा सोको आधारमा उपयुक्त र न्यायोचित दर निर्धारण गरी व्यवसायको प्रकृति र लगानीको आधारमा व्यवसायको वर्गीकरण, व्यवसाय दर्ता र सालबसाली नवीकरणमा मात्र यस्तो कर लगाउने व्यवस्था गर्नुपर्ने देखिन्छ।

२) केही नगरपालिकाहरूले पुराना बक्यौता रहेको व्यवसाय कर मिन्हा दिंदै जाने गरेको कारण व्यवसायीहरू करको दायरामा नआउने प्रवृत्ति बढ्दै जाने र नियमित कर तिर्ने करदाताप्रति न्याय समेत नहुने अवस्था देखिएकोले यस्तो कर छूट पद्धतिलाई निरुत्साहन र नियन्त्रण गर्न स्थानीय तहलाई तत्काल ध्यानाकर्षण गराउनु आवश्यक देखिएको छ।

३) स्थानीय तहमा दर्ता हुने व्यवसाय कर तथा यसको कर प्रशासनमा सहजता र सरलताका लागि व्यवसाय दर्ता, नवीकरण, खारेजी तथा व्यवसाय कर निर्धारण सम्बन्धी मापदण्डसहितको विस्तृत कार्यविधि तयार गरी स्थानीय तहमा कार्यान्वयनका लागि पठाउँदा व्यवसाय करमा एकरूपता कायम हुनुका साथै स्थानीय तहमा व्यवसायको प्रवर्द्धनमा सघाउ समेत पुग्ने देखिएकोले तीन महिनाभित्र यससम्बन्धी मापदण्ड र कार्यविधि तयार गरी उपलब्ध गराउनुपर्ने देखिन्छ।

४) केही स्थानीय तहले प्रदूषण नियन्त्रण शुल्क लगाउने गरेको पाइएकोले त्यस्तो शुल्क तत्काल खारेज गर्न निर्देशन हुनुपर्ने देखिएको छ।

५) औद्योगिक व्यवसाय ऐन, २०७३ लाई संशोधन गरी लघु, घरेलु तथा साना उद्योगहरूको दर्ता, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गर्नु उपयुक्त हुने देखिएको छ। यसबाट यस्ता उद्योगीलाई सहज हुने र यस्ता उद्योगहरू स्वतः स्थानीय तहको व्यवसाय करको दायरामा आउने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ मा यस सम्बन्धी अधिकार स्थानीय तहको कार्यसूचीमा समावेश गर्नु उपयुक्त देखिन्छ।

६) साझेदारी फर्म र प्राईभेट फर्म दर्ता सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएमा एकातिर स्थानीय व्यवसायीलाई सहजीकरण हुन्छ भने अर्कोतिर यस्ता फर्महरू समेत व्यवसाय करको दायरामा आउन सक्दछन्। प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४, प्राइभेट फर्म रजिष्ट्रेशन नियमावली, २०३४ र साझेदारी ऐन, २०२० लाई संशोधन गरी आयात निर्यात कारोबार बाहेकका अन्य कार्य गर्ने फर्महरूको दर्ता, नवीकरण  र नियमन लगायतका अधिकारहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा समावेश गर्न उपयुक्त देखिन्छ।

७) केही स्थानीय तहले व्यवसाय करको दायरामा आउने प्रकृतिका व्यवसायमा अमिल्दो तरिकाले लगाएको शुल्क (उदाहरणका लागि फुङलिङ्ग नगरपालिकाले Dish Home को उपयोगमा लगाएको शुल्क) तत्काल खारेज गर्न निर्देशन दिनुपर्ने देखिन्छ।

४. **पटके सवारी कर तथा सवारी साधन कर सम्बन्धमा**

१) सवारी साधनमा सवारी धनीले सवारी साधनको पैठारीमा भन्सार महसूल, अन्त शुल्क, र मूल्य अभिवृद्धि कर तथा इन्धनमा लाग्ने कर र सवारी दर्ता एवम् नवीकरण शुल्कको माध्यमबाट सिर्जना हुने करको भार व्यहोरीसक्ने भएकाले संविधान र कुनै पनि कानुनमा नभएको पटके सवारी करको भार थप गर्नु युक्तिसंगत र न्यायसंगत देखिएन। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३(५) को स्थानीय तहले कर लगाउँदा वस्तु तथा सेवाको ओसार प्रसारलाई प्रतिकूल नहुने गरी कर लगाउनु पर्नेछ भन्ने प्रावधानसँग समेत यो कर मिल्दोजुल्दो देखिएन। त्यसैगरी यस्तो कर नेपालको संविधानले प्रत्याभूत गरेबमोजिम निर्वाध रुपमा आवतजावत गर्ने स्वतन्त्रताको हक र संविधानको धारा २३६ को मर्म र भावना अनुकूल हुने समेत देखिएन। अतः तत्कालै यस्तो पटके सवारी साधन कर खारेज गर्ने व्यवस्था गर्न निर्देशन दिनुपर्ने देखिन्छ।

२) सवारी साधन कर प्रदेश कानुनले तोके बमोजिम प्रदेशले उठाउने र बाँडफाँट गर्ने कानुनी व्यवस्था भएकोमा केही स्थानीय तहले सवारी साधन कर समेत उठाएको देखिएकोले कानुन विपरीत हुने सवारी साधन कर तथा सोसँग जोडिएका सवै करहरू तत्काल खारेज गर्न निर्देशन दिनुपर्ने देखिन्छ।

५. **व्यक्तिगत घटना दर्ताको शुल्क**

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (च) को उपखण्ड (३) ले जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद, बसाइसराइको अधिकार स्थानीय तहलाई दिएता पनि नेपालको संविधानको अनुसूची ९ मा व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र यसको तथ्यांक सम्बन्धी कार्य तीनै तहको सरकारको साझा अधिकार सूचीमा राखेकाले यस सम्बन्धी कार्यहरू गर्दा स्थानीय तहले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ पालना गर्नुपर्ने देखिन्छ। यस ऐनले घटना दर्ता गर्दा लाग्ने शुल्क तथा जरिवाना निर्धारण गरिसकेकाले यस ऐनको प्रावधान विपरीत शुल्क निर्धारण गर्ने अधिकार गाउँपालिका तथा नगरपालिकासँग नभएकाले सबै स्थानीय तहलाई सो कानुनको पालना गर्न लगाउनुपर्ने देखिन्छ।

## ६. सेवा शुल्क, दस्तुर सम्बन्धमा

१) स्थानीय तहबाट प्रदान गरिने सेवाको शुल्क तोक्दा सेवाको लागत र प्रशासनिक खर्च सोही शुल्कबाट पूरा गर्ने प्रयास भए तापनि केही स्थानीय तहमा भने यसलाई विचार पुऱ्याएको देखिएन। स्थानीय तहले प्रदान गरेको सेवामा लागतका आधारमा सेवाशुल्क लिन सक्ने देखिएता पनि सेवा नै प्रदान नगरेको विषयमा पनि शुल्क लिने गरेको हुँदा सेवा प्रदान नगरेको विषयमा शुल्क लिन पाउने व्यवस्था नरहेकोले यस्तो शुल्क तत्काल खारेज गर्न सबै स्थानीय तहलाई निर्देशन दिनुपर्ने देखिन्छ।

२) सेवाशुल्क दस्तुर निर्धारणमा स्थानीय तहमा एकरूपता नभएको र एउटै जिल्लाभित्रका छिमेकी स्थानीय तहहरूबीच पनि यस्तो दरमा ठूलो अन्तर रहेको हुँदा स्थानीय तहले लिने सेवाशुल्क र दस्तुरलाई उपलब्ध गराउने सेवाको लागत, जनताको सामर्थ्य र छिमेकी अन्य स्थानीय तहको दरसँग समेत तालमेल हुने गरी कायम गर्न निर्देशन दिनुपर्ने देखिन्छ।

३) सेवाको लागतका आधारमा सेवाशुल्क निर्धारणका लागि नेपाल सरकारले मापदण्ड बनाई उपलब्ध गराउनुपर्ने देखिन्छ।

## ७. घरजग्गा बहाल कर सम्बन्धमा

१. घरबहाल करको दरमा स्थानीय तहबीच एकरूपता नदेखिएको र स्पष्ट कार्यविधि कानुनको व्यवस्था नभई कतिपय स्थानीय तह अन्योलमा रहेको देखिएकोले नेपाल सरकारले घरबहाल करको दर निर्धारण, वर्गीकरणका आधार र संचालन कार्यविधिहरु समेटी मापदण्ड र कार्यविधि कानुनको नमूना तयार गरी स्थानीय तहलाई उपलब्ध गराई सहजीकरण गर्नुपर्ने देखिन्छ।

२. घरजग्गा बहाल कर ऐन, २०२३ का कतिपय प्रावधानहरू नेपालको संविधानसँग बाझिएकाले र बहाल करको अधिकार गाउँपालिका र नगरपालिकाहरूमा रहेकाले यो ऐन खारेज गरी स्थानीय तहको सहजीकरणको लागि यससम्बन्धी नमूना कानुन स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने देखिन्छ।

३. घरबहाल कर सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन नसक्दा विगतमा नेपाल सरकारले यस स्रोतबाट उठाएसरहको राजस्व समेत परिचालन हुन नसक्ने अवस्था सिर्जना भएको, स्थानीय

तहले विगतमा घरबहाल करवापत नेपाल सरकारले दश प्रतिशत र स्थानीय निकायले दुई प्रतिशत गरी बाह्र प्रतिशतसम्म घरबहाल कर लिएको तथ्यलाई विश्लेषण गरी नयाँ दर निर्धारण नभएको र यस स्रोतलाई स्थानीय तहको आन्तरिक आयको प्रमुख स्रोतको रूपमा विकास गर्न ध्यान नदिएको देखिएकाले तत्काल स्थानीय तहको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

४. एउटै सम्पत्तिमा घर बहाल कर र सम्पत्ति कर लाग्ने भएकोले दोहोरो कर भएको भन्ने आम जनबुझाइका सम्बन्धमा सम्पत्ति कर सम्पत्ति धारण गरेबापत लाग्ने कर भएको र घर बहाल कर बहालबाट प्राप्त हुने रकममा लाग्ने भएकोले यी दुवै करको कराधार फरक रहेको सम्बन्धमा स्थानीय तहले सरोकारवालाहरूलाई सुसूचित गराउनुपर्ने देखिन्छ।

५. निजगढ नगरपालिकाले टोल विकास संस्थामार्फत् प्रभावकारी रूपमा Tax Mapping का माध्यमबाट सबै करदातालाई घरबहाल करको दायरामा ल्याउने पहल गरेको। यस किसिमको नवीन सोच र पहललाई अन्य स्थानीय तहले समेत परिस्थितिजन्य अनुकूलता मिलाई अवलम्बन गर्नु उपयुक्त हुने देखिन्छ।

**८. सम्पत्ति कर सम्बन्धमा**

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविकको दफा ५५ ले २०७५ श्रावण १ देखि घरजग्गा करको सट्टामा एकीकृत सम्पत्ति कर मात्र लाउने प्रावधान गरेकोमा आर्थिक ऐन, २०७५ ले एकीकृत सम्पत्ति करको सट्टामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको हुँदा स्थानीय तहको कानुन संशोधन गरी एकीकृत सम्पत्ति करलाई सम्पत्ति करको रूपमा निरन्तरता दिनु उपयुक्त देखिन्छ।

२) आर्थिक ऐन, २०७५ अनुसार सम्पत्ति कर लगाउने सीमा १ रोपनी कायम गरिएका कारण ठूला होटल, बहुउद्देश्यीय र बहुउपयोगी कम्प्लेक्स, निजी उद्योग, डिपार्टमेन्ट स्टोरले एक रोपनीभन्दा बढी जग्गामा निर्माण गरेको भवन सम्पत्ति करको दायरमा नआउने भएकाले एक रोपनीको सीमालाई खारेज गर्नुपर्ने देखिन्छ।

३) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको स्वामित्वमा रहेका घर र जग्गा, सरकारी अस्पतालको भवन र जग्गा, गुठीको स्वामित्वमा रहेको जग्गा, मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था र सरकारी संस्थानको भवन र जग्गा, धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा, खानेपानी सङ्कलन

पोखरी, विद्युत गृह, मसानघाट, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू तथा कुटनीतिक नियोगहरुमा सम्पत्ति कर नलाग्ने व्यवस्था गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६३ मा संशोधन गर्नुपर्ने देखिन्छ।

४) सम्पदा बस्तीको मापदण्ड तथा पुरातात्त्विक मापदण्ड अनुसार निर्माण हुने भवनमा आवश्यकता हेरी निश्चित समयसम्मका लागि कर उत्प्रेरणा दिन सकिने प्रावधान राख्न उपयुक्त हुने देखिन्छ। साथै स्थानीय तह आफैंले विकास गरेका जग्गा एकीकरण आयोजनाभित्र भवन निर्माण गर्न उत्प्रेरित गर्ने नीतिगत व्यवस्थाहरु हुन सकेमा छरिएर रहेका बस्तीहरू एकीकृत हुने जाने देखिएकाले सो व्यवस्था समेत कार्यान्वयनमा ल्याउन उपयुक्त हुने देखिन्छ।

५) सम्पत्तिको मूल्याङ्कन र करको दरलाई वैज्ञानिक बनाउन सम्पत्तिको परिभाषा, मूल्याङ्कन पद्धति, ह्रासकट्टी र करका दर आदि विषयमा नमूना कार्यविधि मार्फत् एकरूपता कायम गर्न र कार्यविधिको व्यवस्थाबारे स्थानीय तहलाई सुसूचित गर्नुपर्ने देखिन्छ।

## ९. ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माणजन्य वस्तुमा लगाइने करको सम्बन्धमा

१) ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्थाको कमी रहेको र व्यक्तिको निजी जग्गामा रहेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, पानी जस्ता प्राकृतिक स्रोत (Non renewable natural resources) को उपयोग अधिकार सम्बन्धमा समेत स्पष्ट कानुनी व्यवस्था गरी यस समस्याको दीर्घकालीन समाधानका लागि नेपालको संविधानको धारा २३५ को उपधारा (१) बमोजिमको कानुन आवश्यक देखिएकोले तत्काल कानुन निर्माण प्रक्रिया अगाडि बढाउनुपर्ने देखिन्छ।

२) ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माणजन्य वस्तुको बिक्रीको सम्बन्धमा साविकको स्थानीय स्वायत्त शासन ऐनमा स्पष्ट व्यवस्था रहेको र जिल्ला विकास समितिहरूले सोही अनुसार व्यवस्थापन गर्दै आएकोमा हालको संघीय कानुनमा यस सम्बन्धी स्पष्ट रूपमा उल्लेख नहुँदा कतिपय स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ बमोजिम व्यवस्थापन गरेको भएता पनि सम्बन्धित प्रदेश कानुन र सो दफामा गरिएको व्यवस्थाबीच सामञ्जस्यता कायम हुन नसकी द्विविधा उत्पन्न भएकोले स्थानीय सरकार सञ्चालन ऐनमा यी वस्तुको बिक्रीका सम्बन्धमा स्पष्ट व्यवस्था गरी प्रदेश कानुनहरूलाई समेत सोही अनुकूल हुने गरी संशोधन गर्नुपर्ने देखिन्छ।

३) क्रसर उद्योगबाट सरकारलाई घाटा, व्यवसायीलाई फाइदा, उपभोक्तालाई मार र वातावरणको विनाश हुने भएकाले वन तथा वातावरण मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट क्रसर उद्योगको मापदण्ड तयार गरी क्रसर उद्योगहरू सार्वजनिक कम्पनीका रूपमा मात्र खोल्न पाउने व्यवस्था गर्नुपर्ने देखिन्छ। यससम्बन्धी मापदण्डको पालना गरी हाल सञ्चालनमा रहेका क्रसर उद्योगले समेत दुई वर्षभित्रमा सोही अनुरूप सार्वजनिक कम्पनीमा रुपान्तरण हुनु पर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन उपयुक्त हुने देखिन्छ। प्रदेश तहका औद्योगिक व्यवसाय कानुनमा समेत यस सम्बन्धी प्रावधानहरू समावेश गर्नुपर्ने देखिन्छ।

४) नदीजन्य पदार्थ तथा खानीबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवालाई घाटगद्दी गरेर मात्र बिक्री गर्ने प्रणाली विकास गर्ने र ठेक्का अवधि सकिएपछि घाटगद्दीमा रहने पदार्थ स्वतः सम्बन्धित स्थानीय तह (नगरपालिका वा गाउँपालिका) को हुने व्यवस्था तत्काल कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ।

## १०. दस्तुर

१) स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने दर्ता अनुमति (स्थानीय रेडियो स्टेशन, पत्रपत्रिका, निर्माण व्यवसाय, विद्यालय स्थापना आदि) प्रदान गर्दा लिइने दस्तुरको निश्चित अवधिको मापदण्डका लागि नेपाल सरकारले नमूना कार्यविधि तयार गरी स्थानीय तहलाई उपलब्ध गराउन उपयुक्त हुने देखिन्छ।

२) डकर्मी, सिकर्मी, कालिगढ, मिस्त्री, इलेक्ट्रिसियन, भवनको नक्सा निर्माण, भवन निर्माणको सुपरीवेक्षण आदि सीपयुक्त पेशामा क्रमिक रूपमा लाइसेन्स प्रणाली लागु गरी लाइसेन्स प्राप्त व्यक्तिले मात्र सो कार्य गर्न पाउने गरिएमा पेशागत कार्यको गुणस्तर वृद्धि हुने र यसको पटके दस्तुरबाट स्थानीय तहको आयस्रोत पनि हुनसक्ने देखिएकोले लाइसेन्स प्रणालीतर्फ जान स्थानीय तहलाई प्रोत्साहित गर्नुपर्ने देखिन्छ।

## ११. फोहोर मैला ब्यवस्थापन सेवाशुल्क

१) सहरमा निजी क्षेत्रले नै घर घरबाट फोहोर उठाउने र सोको सेवाशुल्क समेत आफूखुशी घर घरबाटै उठाउने गरेका छन्। व्यवसायीले उठाउने यस्तो मासिक सेवाशुल्क स्थानीय तहले निर्धारण गरी यस्तो कार्य प्रतिस्पर्धात्मक ठेक्काबाट गराउने व्यवस्था मिलाउन सकेमा स्थानीय

तहलाई फोहोर मैला व्यवस्थापनबाट आम्दानी हुने र सेवाग्राहीलाई समेत सेवा शुल्कमा न्यायोचित भार पर्ने हुँदा स्थानीय तहले यस्तो व्यवस्था गर्न देखिन्छ।

२) अधिक मात्रामा फोहोर उत्पादन गर्ने व्यवसाय, उद्योग, होटेल आदिको हकमा स्थानीय तहले वार्षिक फोहोरमैलाको परिमाणको आधारमा फोहोरमैला शुल्क लगाउने प्रणाली अपनाउन सकेमा ती निकायलाई कमभन्दा कम फोहोर उत्सर्जन गर्न वा नयाँ प्रविधि प्रयोग गर्न प्रोत्साहन मिल्न जाने हुँदा यस्तो व्यवस्था अवलम्बन गर्नु उपयुक्त हुने देखिन्छ।

## १२.भवन निर्माण अनुमति दस्तुर

स्थानीय तहले भवन निर्माण दस्तुर निर्धारण गर्दा भवन ऐन, २०५५ अनुसार क, ख, ग, र घ वर्ग तथा यसलाई पनि आवासीय, व्यवसायिक, औद्योगिक र सार्वजनिक भवनमा वर्गीकरण गरी अलग अलग प्रकृतिका भवनलाई अलग अलग दस्तुर लिनु उपयुक्त देखिन्छ। घ वर्गका आवासीय भवन निर्माण गर्दा एकमुष्ट सामान्य दस्तुर मात्र लिन उपयुक्त हुने भएकाले स्थानीय तहलाई सोही अनुसार प्रोत्साहित गर्नुपर्ने देखिन्छ।

## १३.एकल स्थानीय कर प्रणालीको शुरुवात गर्ने

हाल नेपाल सरकारले आर्थिक समृद्धिको विषयलाई उच्च प्राथमिकतामा राखेको हुँदा यसका लागि लगानी मैत्री वातावरण सिर्जना गर्नुपर्ने देखिएको छ। स्थानीय कर प्रणालीलाई सरल, सहज र पूर्वानुमानयोग्य बनाउन सकियो भने लगानीको वातावरणलाई अनुकुल बनाउन सकिन्छ। यसका लागि अन्य केही मुलुकले समेत सफल अवलम्बन गरेका एकल स्थानीय कर प्रणाली लागु गर्न उपयुक्त हुने देखिन्छ। यस अनुसार स्थानीय तहले लगाउने सम्पत्ति कर, भूमि कर, घरजग्गा बहाल कर, व्यवसाय कर, जडीबूटी, जीवजन्तु, कवाडी करलाई एकीकरण गरी यसको स्थानमा एक मात्र स्थानीय कर लगाउने प्रणाली शुरुवात गर्नु उपयुक्त देखिन्छ।

## १४.करको नक्शांकन प्रणाली शुरुवात गर्ने

१) स्थानीय तहले भू-सूचना प्रणालीमा आधारित रही आफ्ना करदाताहरूको नक्शांकन गर्न सकेमा स्थानीय तहको कर अभिलेख प्रणाली व्यवस्थित हुने र प्रदेश तथा संघीय सरकारको कर प्रणालीमा आवद्ध गर्न समेत सकिने हुँदा यस्तो प्रणाली अवलम्वन गर्न नेपाल सरकारले स्थानीय तहलाई सहयोग गर्नु आवश्यक देखिन्छ।

२) सहरी विकास मन्त्रालयले स्थानीय तहलाई घर नम्बर प्रणाली तथा सडक नामाकरण गर्न प्राविधिक सहयोग गर्नु जरुरी छ। यसबाट करको नक्शांकन गर्न सजिलो हुन जाने र करको दायरा समेत बढ्न जान्छ। सडक नक्शांकन र घर नम्बर प्रणालीलाई कराधार बढाउने संयन्त्रको रूपमा लिने गरिएकोले पनि यस्तो व्यवस्था गर्नु आवश्यक देखिन्छ।

**१५. खानीको स्थानीय विकास शुल्क सम्बन्धी व्यवस्था**

खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २२ मा खानीबाट उठेको स्थानीय विकास शुल्क वापतको १० प्रतिशत रकम सम्बन्धित जिल्ला समन्वय समितिलाई प्रदान गरिँदै आएकोमा हाल यस सम्बन्धी क्षेत्राधिकार गाउँपालिका वा नगरपालिकामा पर्न गएकोले चालु आर्थिक वर्ष २०७५/७६ देखि खानीको स्थानीय विकास शुल्क सम्बन्धित गाउँ/नगरपालिकालाई बुझाउने व्यवस्था गर्न अर्थ मन्त्रालयबाट खानी तथा भू-गर्भ विभागलाई लेखी पठाउनुपर्ने देखिन्छ।

**१६. जिल्ला समन्वय समितिको भूमिका**

नेपालको संविधानको धारा २२०(७) ले जिल्ला सभालाई जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँ/ नगरपालिकाहरूबीच समन्वय गर्ने र प्रदेश कानुन बमोजिमको अन्य कार्य गर्ने भनी तोकिएको छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहलाई मात्र कराधिकार प्रदान गरेकोले जिल्ला समन्वय समितिलाई कर लगाउने र उठाउने कुनै काम नगर्न नगराउन प्रदेश सरकारमार्फत् निर्देशन दिनु उपयुक्त देखिन्छ।

**१७. संस्थागत संयन्त्रहरूको क्रियाशिलता**

१) प्रदेश र स्थानीय तहले गर्ने कामकारबाहीमा नीतिगत सामञ्जस्यता कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम गठन हुने प्रदेश समन्वय परिषद्लाई सक्रिय बनाउँदा स्थानीय तहका राजस्व अधिकारको उपयोगमा देखिएका समस्याहरूको समाधान गर्न सहज हुने र साझा अधिकार क्षेत्रको प्रयोग तथा प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट सम्बन्धी विषयमा समेत समन्वय कायम गर्न सघाउ पुग्ने हुँदा सबै प्रदेशले यस संयन्त्रलाई सक्रिय तुल्याउनुपर्ने देखिन्छ।

२) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ बमोजिम गठन भएको अन्तर-सरकारी वित्त परिषद्‌को बैठक नियमित रूपमा बसी संघ तथा प्रदेश सरकारहरूबीच राजस्व अधिकार लगायतका वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श र समन्वय गर्नुपर्ने देखिन्छ।

**१८. निकासी कर सम्बन्धमा**

१) साविकमा जिल्ला विकास समितिहरूले ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, पत्थर कोइला, इँटा, सिमेन्ट, मिनरल वाटर र कृषिजन्य तथा वनजन्य वस्तुमा उठाई आएको जिल्ला निकासी कर सम्बन्धी व्यवस्था हाल नेपालको संविधान र संघीय कानुनमा नभएकोले कुनै पनि वस्तुमा निकासी कर लिने कार्य तत्काल बन्द गर्न सबै स्थानीय तहलाई नेपाल सरकारको तर्फबाट निर्देशन दिनुपर्ने देखिन्छ।

२) जिल्लाभित्र उत्पादन भएका कृषि तथा पशुजन्य वस्तु र चौपायाको व्यापारमा विगतमा जिल्ला विकास समितिले कर उठाई आएकोमा हालको संवैधानिक र कानुनी व्यवस्था अनुरूप यस्तो प्रकृतिको कर लिन नपाइने भएता पनि प्रदेश नं १ ले जिल्लाभित्र उत्पादित कृषिजन्य, पशुजन्य र वनजन्तु वस्तुमा जिल्ला निकासी कर लिने गरी कानुन बनाई सम्बन्धित जिल्ला समन्वय समितिहरूलाई कर उठाउन लेखी पठाएबमोजिम जिल्ला समन्वय समितिहरूले ठेक्का बन्दोबस्त गरी कर उठाउन प्रारम्भ गरेको र यस्तो कर नउठाउन जिल्ला समन्वय समितिहरूलाई नेपाल सरकारको तर्फबाट निर्देशन गरिएकोमा प्रदेश सरकारबाट जिल्ला समन्वय समितिलाई यस्तो करमा निरन्तरता प्रदान गर्ने गरी आदेश प्राप्त भएको कारण अन्योल उत्पन्न भएको भनी कतिपय जिल्ला समन्वय समितिबाट पुनः निर्देशन माग भएकोले यस्तो कर संकलन नगर्न नगराउन प्रदेश, स्थानीय सरकार तथा जिल्ला समन्वय समितिहरूलाई नेपाल सरकारको तर्फबाट प्रष्ट निर्देशन गर्नुपर्ने देखिन्छ।

**१९. स्थानीय सार्वजनिक खरिद नियमावली सम्बन्धमा**

स्थानीय तहको सार्वजनिक खरिदका लागि सार्वजनिक खरिद ऐनको प्रयोग गर्नुपर्ने कानुनी व्यवस्था रहेको र सो कानुनमा स्थानीय तहको आन्तरिक आयको ठेक्का बन्दोबस्त सम्बन्धी कुनै प्रावधान नभई स्थानीय तहको आय ठेक्का बन्दोबस्तमा द्विविधा रहेको हुँदा आन्तरिक

आय ठेक्का बन्दोबस्त सम्बन्धी प्रावधान समेत समावेश गरी स्थानीय तहको सार्वजनिक खरिद नियमावलीको नमूना सबै स्थानीय तहमा पठाउनुपर्ने देखिन्छ।

## २०. राजस्व सम्बन्धी अन्य सुझाव

१) स्थानीय तहको राजस्व प्रशासनमा एकरूपता कायम गरी प्रभावकारी तुल्याउनका लागि सबै स्थानीय तहमा एउटै सफ्टवेयरको प्रयोग गर्ने व्यवस्था मिलाउन र स्थानीय राजस्वलाई प्रदेश र संघीय तहसँग आवद्ध गरी तीन वटै तहको राजस्व प्रणालीलाई एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक प्राविधिक व्यवस्थापन गर्नु उपयुक्त हुन्छ।

२) केही प्रदेशले उद्योग दर्ता र नवीकरणमा पूँजीगत लगानीका अधारमा प्रदेश विकास शुल्क लगाएको विषय संविधानको धारा ६० र अनुसूची ६ विपरीत देखिएको हुँदा सो कार्य नगर्ने नगराउने व्यवस्था हुनुपर्ने देखिन्छ।

३) प्रदेशभित्र क्लिङ्कर र सिमेन्ट उत्पादन भई बिक्री गर्दा निश्चित प्रतिशतका दरले प्रदेशले प्राकृतिक स्रोत उपयोग कर लगाएको विषय संविधानको धारा ६० र अनुसूची ६ विपरीत भएकाले सो कार्य नगर्ने नगराउने व्यवस्था हुनुपर्ने देखिन्छ।

४) विदेशी नम्बर प्लेटका सवारी साधनहरुले अन्तर्राष्ट्रिय नाकाबाट नेपाल प्रवेश गर्दा सम्बन्धित भन्सार विन्दुमा नै अनिवार्य रुपमा अस्थायी पैठारी शुल्क तिर्नुपर्ने व्यवस्था रहेकोले प्रदेश नं ५ ले विदेशी नम्बर प्लेटका सवारी साधनबाट लिइआएको सवारी प्रवेश शुल्कले एकै आधारमा दोहोरो कर लाग्ने देखिएकोले यस्तो शुल्क तत्काल खारेज गर्नुपर्ने देखिन्छ।

५) एक प्रदेशबाट अर्को प्रदेशमा र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वस्तु निकासी हुँदा ती वस्तुमा निकासी शुल्क लगाएको विषय संविधानको धारा २३६ विपरीत देखिएकोले सो कार्य तत्काल रोक्नुपर्ने देखिन्छ।

६) पेट्रोलियम पदार्थ तथा कवाडी मालवस्तु र नयाँ फलाम बिक्रीमा स्थानीय तहले लगाएको कर संविधानको धारा ६० र अनुसूची ८ विपरीत भएकाले सो कार्य तत्काल बन्द गर्नुपर्ने देखिन्छ।

७) स्थानीय तहको कर प्रणाली र करारोपणका निमित्त संवैधानिक तथा कानुनी व्यवस्था र अन्तर्राष्ट्रिय अभ्यास समेतका आधारमा "स्थानीय तहमा राजस्व परिचालन दिग्दर्शन" तयार गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त हुन्छ।

८) प्रदेश तथा स्थानीय तहको करारोपणको विषयमा आवश्यक प्राविधिक ज्ञान र सीप वृद्धि तथा निर्वाचित पदाधिकारी र सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न सम्बन्धित सबै निकायसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ।

९) प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक क्षेत्राधिकार भित्र रहेर मात्र राजस्व अधिकारको प्रयोग गर्नसक्ने हुँदा संविधान र प्रचलित संघीय कानुनले तोके बाहेकका नयाँ करका शीर्षकमा कर लगाउन आवश्यक भएमा संघीय कानुन निर्माण गरी सोही कानुनले निर्दिष्ट गरेको सीमाभित्र रही कर लगाउने व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ।

१०) प्रदेश तथा स्थानीय तहले कर छुट सुविधा लगायतका कर उत्प्रेरणाहरू (Tax Incentives) घोषणा गर्दा आफ्नो अधिकार क्षेत्रभित्र कायम रहेका कर दस्तुरमा मात्र सीमित रहन प्रदेश र स्थानीय तहलाई निर्देशन दिनुपर्ने देखिन्छ।

११) विगतमा स्थानीय निकायको कर प्रशासन तथा करको व्यवस्थापनलाई कार्यसम्पादनमा आधारित अनुदान प्रणालीसँग आवद्ध गर्ने नीति प्रभावकारी देखिएकोमा हाल त्यस्तो व्यवस्था कार्यान्वयनमा आएको छैन। नेपालको संविधानको धारा ६० समेतको आधारमा समेत यस्तो मापदण्डलाई अनुदान वितरणको आधारको रूपमा समावेश गर्न उपयुक्त देखिन्छ। तसर्थ, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले अनुदानको सिफारिससम्बन्धी मापदण्ड तथा कार्यविधिमा आफ्नो अधिकार र क्षेत्रभित्रका राजस्व अधिकारको उपयोग सम्बन्धी कार्यसम्पादनस्तर समेतलाई आधार मान्ने व्यवस्थालाई समावेश गर्न उपयुक्त देखिन्छ।

१२) संघ, प्रदेश र स्थानीय तहको राजस्वसम्बन्धी अधिकार, राजस्वको क्षमता र राजस्वका कारणले आर्थिक गतिशीलतामा पर्ने प्रभाव र असरको बारेमा समयमै विश्लेषण गर्नुपर्ने हुन्छ। यस्तो विश्लेषणबाट तीनै तहले आ-आफ्नो क्षेत्रमा आर्थिक-सामाजिक क्रियाकलापहरू सञ्चालन गर्न गर्नुपर्ने नीतिगत व्यवस्थालाई समेत सहयोग गर्दछ। हाल अधिकांश स्थानीय तहहरूले पारित गरेका आर्थिक ऐन आफ्नो वेबसाइटमा नराखेको र राजपत्रमा प्रकाशन गरी

नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्थाको समेत पूर्ण पालना नभएकाले तिनका राजस्वसम्बन्धी व्यवस्थाको समग्र अध्ययन र विश्लेषण गर्न सकिएको छैन। अतः सबै स्थानीय तहलाई आ-आफ्नो तहबाट पारित भएका आर्थिक ऐन वेबसाइटमा राख्ने र २०७५ असोज मसान्तभित्र नेपाल सरकार तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई अविलम्ब उपलब्ध गराउन निर्देशन दिनुपर्ने देखिन्छ।

१३) स्थानीय तहले नयाँ व्यवसाय दर्ता गरेपछि सो को जानकारी सम्बन्धित राजस्व कार्यालयमा तत्काल पठाउने र पुराना व्यवसायको नविकरण गर्दा आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरूबाट जारी भएको स्थायी लेखा नम्बर (PAN को प्रमाणपत्र अनिवार्य रूपमा पेश गराउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

१४) कतिपय स्थानीय तहले आर्थिक वर्ष २०७५/७६ का लागि हालसम्म पनि सभाबाट आर्थिक ऐन तथा विनियोजन ऐन स्वीकृत नगराई कर उठाउने र खर्च गर्ने कार्य गरिआएको देखिएकोले प्रचलित कानुनमा भएको व्यवस्था अनुरूप यथाशीघ्र कानुन बनाएर मात्र कर लगाउन र खर्च गर्ने व्यवस्था मिलाउन निर्देशन दिनुपर्ने देखिन्छ।

१५) काठमाडौं उपत्यका भित्रका नगरपालिका लगायत अन्य नगरपालिकाहरूमा बक्यौता राजस्व आंशिक रूपमा तिर्न चाहने करदातालाई Software को कारण देखाई एकैपटक सबै रकम चुक्ता नगरेसम्म कर नै नबुझ्ने गरेको कारण करदातालाई मर्का परेको विषयलाई तत्काल सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

१६) स्थानीय करसम्बन्धी अधिकांश विवादहरू स्थानीय तहले कर निर्धारणमा सरोकारवालाहरूसँग पर्याप्त छलफल, अन्तर्क्रिया र गृहकार्य नगरेको कारण उठेको देखिएकोले सबै स्थानीय तहले स्थानीय राजस्व परामर्श समितिलाई सक्रिय बनाई करका दर निर्धारण गर्नु अघि सरोकारवालाहरूसँग पर्याप्त छलफल गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ।

१७) स्थानीय तहको करसम्बन्धी विषयमा पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमार्फत् उठाइएका गुनासा तथा गरिएका टिकाटिप्पणीहरू कतिपय स्थानीय तहले सरोकारवालालाई राम्ररी सूचना प्रवाह गर्न नसकेको कारण आएको देखियो। अधिकांश टीकाटिप्पणी र गुनासाहरू तथ्यमा आधारित भएर भन्दा पनि पर्याप्त जानकारी वेगर आएको देखिएकोले

स्थानीय तहको राजस्व अधिकार र आर्थिक ऐनमा भएका प्रावधानहरूको बारेमा सम्बद्ध सरोकारवालाहरूलाई उपयुक्त माध्यमबाट तत्कालै सुसूचित गर्ने कार्य सबै स्थानीय तहले गर्नुपर्ने देखिन्छ।

# अनुसुची – १

स्थानीय कर सम्वन्धी विषयमा मिति २०७५ भाद्र ०७ गते काठमाडौंमा आयोजित छलफलमा प्राप्त सुझावहरु

क. छलफलका विषयहरू

१. करको विषयः

- सम्पत्ति करको दर र मूल्याङ्कन प्रक्रिया (Valuation Method)
- ढुङ्गा गिट्टी तथा बालुवा कर
- पटके सवारी कर
- दोहोरो कर
    - सवारी साधन कर
    - मनोरञ्जन कर
- निकासी कर
    - स्थानीय निकायको क्षेत्र भित्र उत्पादन भएको (अलैंची, अदुवा आदि)
    - कवाडी कर (संकलन हुने क्षेत्रको तहले उठाउने र मार्ग प्रयोग गर्नेले पनि उठाउने)
    - ढुङ्गा, गिट्टी, जडिबुटी, पशुजन्य, वनजन्य, पर्यटन आदि
- जिल्ला समन्वय समितिवाट उठाईएको कर

२. ऐनहरूको सम्बन्धमा

- नमूना आर्थिक ऐनको सम्बन्धमा
- सार्वजनिक खरिद ऐनको सम्बन्धमा
- कानुनको संशोधन सम्बन्धमा
- विनियोजन ऐनका सम्बन्धमा

३. शुल्क /दस्तुर

- सिफारिस शुल्क
- नक्कल प्रमाणित शुल्क
- दर्ता शुल्क

४. अन्तर-सरकारी समन्वयको सम्बन्धमा (संघ, प्रदेश र स्थानीय सरकार)

ख. छलफलका क्रममा उठान भएका विषयवस्तुहरू

अ. सवै स्थानीय निकायमा रहेका विषयहरु:

१. सम्पत्ति करः

- केही स्थानीय तहहरूले संघीय आर्थिक ऐन विपरित एकीकृत सम्पत्ति कर लगाईएको पाईयो। धनगढी उपमहानगरपालिका, दमक न.पा., नमोवुद्ध न.पा., ले एकीकृत सम्पत्ति कर लगाएको वताए।
- सम्पत्ति कर लगाउँदा मूल्याङ्कनमा समस्या रहेको विषय सवै स्थानीय तहवाट उठान भयो। धनगढी उ.प.न.पा. ले विदेश जाने प्रायोजनका लागि जग्गाको मूल्याङ्कन वढाउन माग गर्नेलाई वडा कार्यालयले सोही अनुसार सिफारिस दिने र सो-सिफारिसमा उल्लेख भए वमोजिमको रकमलाई मूल्याङ्कन मानी सोही अनुसार नै कर लिने गरेको पाइयो। सम्पत्ति मूल्याङ्कन तथा मालपोत करका अभ्यासहरूमा धेरै नै विविधता रहेको देखिन्छ। सूर्योदय न.पा.ले क्षेत्राफलका आधारमा जग्गालाई औद्योगिक, कृषि, आवास र अन्य भनी ४ भागमा विभाजन गरी फरक फरक दर राखी वढीमा प्रति रोपनीको ८० रुपैंया लिएको पाईयो। दमक न.पा ले २०६३ सालदेखिनै एकीकृत सम्पत्ति कर लगाएको र प्रति वर्ष २० प्रतिशतले नवढ्ने गरी मूल्याङ्क गर्ने गरेको व्यवस्था पाइयो। हेटौंडा उ.प.न.पा. मा जग्गा वर्गिकरणमा वाटोको मापदण्ड (ढलान भएको र नभएको) प्रयोग भएको तथा काठमाडौं महानगरमा घरले चर्चे को जग्गाको क्षेत्रफलाई २ ले गुणन गरेर आउने क्षेत्रफलमा सम्पत्ति कर लगाई अन्यमा मालपोत कर लगाएको पाइयो। वुढानिलकण्ठ न.पा.ले जग्गालाई वाटो नभएको जग्गा, गोरेटो वाटो भएको, कच्चि वाटो भएको र पिच वाटो भएको भनी ४ किसिमले विभाजन गरी प्रति रोपनि रु.५०-२०० सम्म लिएको पाईयो। गोदावारी न.पा.ले १ रोपनि घरजग्गामा सम्पत्ति कर र सो भन्दा वढी जग्गामा प्रति रोपनी रु.९६ का दरले मालपोत कर लिएको देखियो। चाँगुनारायण न.पा. ले प्रति रोपनी रु.१६० भूमिकर लिएको पाइयो। कागेश्वरी न.पा.ले १ रोपनी घरजग्गामा सम्पत्ति कर र सो भन्दा वढी जग्गामा ८ आनासम्म रु.५०, सो भन्दा वढीमा थप रु.२५ र साविक गागलफेदी क्षेत्रमा प्रति रोपनी रु.१०० मालपोत कर लिने व्यवस्था रहेको देखियो।

- धुलिखेल नगरपालिकाले केन्द्र सरकारको मन्त्रिपरिषदको निर्णानुसार भएको परिपत्रमा घरले चर्चेको जग्गा वाहेकको जग्गामा पनि सम्पत्ति कर लगाउन सकिने मनसाय रहेको भन्ने वुझेर सम्पत्ति र मालपोत करको सट्टा सम्पत्ति कर मात्र लगाएको,
- तार्केश्वर नगरपालिकाले घरजग्गा घर लगाइएको पाइयो,
- का.म.न.पा.मा घरजग्गा ऐन अनुसारका विवाद र दमक न.पा.मा सम्पत्ति कर र घर वहाल करलाई एउटै कर हो भनि विवाद आउने गरेको जानकारी प्राप्त भयो।

२. निकासी कर

प्रदेश नं.३ को सरकारको आफ्नो आर्थिक ऐनमा नै निकासी कर तथा शुल्क सम्बन्धी व्यवस्था गरेको कारण यस अन्तर्गतका धेरै स्थानीय तहले निकासी कर लगाएको पाईन्छ।

- सूर्योदय न.पा., नमोवुद्ध न.पा., चाँगुनारायण न.पा., दक्षिणकाली न.पा., कागेश्वरी मनहरा न.पा., आदि नगरपालिकामा निकासी करको व्यवस्था भएकोमा प्रदेश सरकारले समय समयमा फेरवदल गर्दै आएकोले कार्यान्वयनमा समस्या भएको,
- हेटौंडा उ.प.न.पा. ले गिट्टी तथा सिमेन्टमा, गोदावारी न.पा.ले पानिमा रु.१५० का दरले र नमोवुद्ध न.पा.ले ढुँगा, गिटी तथा वालुवामा निकासी कर लगाएको,
- सूर्योदय न.पा.ले शुरुमा निकासी कर लगाएकोमा अहिले स्थगित गरेको तर आफ्नो ठाउँमा उत्पादन भएका वस्तुमा (origin of goods) का आधारमा निकासी कर उठाउन पाउनुपर्ने जिकिर गरेको।

३. पटके सवारी करः

- दक्षिणकाली न.पा., पालुङटार न.पा., सूर्योदय न.पा), संखरापुरु न.पा., धुलिखेल न.पा. आदिले आफ्नो सडक प्रयोग गर्न सवारी साधनवाट प्रदुषण खर्च तथा Maintenance Cost उठाउनुपर्छ भन्ने सिद्धान्तमा रही पटके सवारी कर लगाएको देखियो,
- नागार्जुन नगरपालिका सडक मर्मत संहार शुल्क भनी रु.३५-७५ लिने योजनामा रहेको,

४. घर वहाल करः

- घर वहाल करको दरमा एकरूपता देखिएन, विभिन्न स्थानीय तहले ५-१२ प्रतिशत सम्म घर वहाल कर लिएको देखियो, हेटौंडा उ.प.न.पा. ले १०प्रतिशत, गोदावारी न.पा.ले संस्थालाई ८प्रतिशत र व्यक्तिलाई ५ प्रतिशत, धुलिखेल न.पा.ले १० प्रतिशत,

दक्षिणकाली न.पा.ले १०+२ गरी १२ प्रतिशत र टोखाले ७ प्रतिशत घर वहाल कर लगाएको पाइयो,

- धुलिखेलमा घर वहाल कर स्थानीय सरकारले उठाउने सहमति वमोजिम १०प्रतिशत तोकिएको छ, वहाल कर स्वयं घोषणाका आधारमा लिईने व्यवस्था छ, शहरी क्षेत्रमा न्युनतम वहाल शुल्क रु.१०००।- तोकिएको छ।

## ५. व्यवसाय करः

- व्यवसाय करमा स्थानी तहविच अन्योलता देखियो। व्यसाय कर कसरी उठाउने भन्ने वारे केन्द्रले नमुना कार्यविधी वनाएर सहजीकरण गरिदिनुपर्ने कुरामा स्थानीय तहले जोड दिए,
- धुलिखेल न.पा.का प्रमुख प्रशासकिय अधिकृतले पहिलेको व्यवसाय कर नविकरणका आधारमा लिने गरिएकोमा हाल पूजीं, लगानी, नविकरण तथा कारोवारका आधारमा लिन सकिने भएकाले यो कर पहिलेको व्यवसाय कर भन्दा फरक हो भन्ने कुरा जनताले नवुझेको हुँदा विवाद भएको भन्ने जिकिर गर्नुभयो,
- टोखा न.पा. मा व्यवसायलाई पूँजीको आधारमा विभाजन गरी व्यवसाय कर लिने गरिएको पाइयो, नमोवुद्ध न.पा.ले व्यवसाय दर्ता गर्दा रु.१००० लिने गरेको पाइयो,
- कागेश्वरी न.पा. का मा पहिलो पटक व्यवसाय दर्ता गर्दा पूँजी खुलेमा, कतैवाट खुल्न गएमा सोही वमोजिम नभए स्वयम घोषणा गरेमा सोही अनुसार दर्ता शुल्क लिने र वार्षिक कारोवारको आधारमा नविकरण शुल्क लिने व्यवस्था भएको पाईयो जसको लागि शिलिङ्ग तोकिएको छ। वार्षिक कारोवार रु.५०, ००० हुनेले नविकरण गर्दा रु.१००० तिर्ने र रु.१, ००, ००० भन्दा वढी हुनेले रु.१५०० तिर्ने।

## ६. सेवा शुल्क /दस्तुर /सिफारिस शुल्कः

- धेरै स्थानीय तहले आधारभूत घटना दर्ता एवम् सिफारिस निःशुल्क गर्ने तथा ऐनले तोके वमोजिमकै रकम लिई गर्ने व्यवस्था रहेको जानकारी गराए। धरान उप.म.न.पा.ले पञ्जिकरणमा विलम्व शुल्क रु.१०० लिने गरेको, सूर्योदय न.पा.ले पञ्जिकरणमा दस्तुर नलिए पनि सिफारिसमा रु.३०० सम्म शुल्क लिने गरेको, दक्षिणकाली न.पा.ले पञ्जिकरणमा विलम्व शुल्क रु.१०० लिने गरेको, वनेपा न.पा.ले घरज्गा सिफारिस गर्दा प्रति कित्ता न्यूनतम रु.४०० का दरले अधिकतम रु.५००० सम्म लिने गरेको।

- धेरै स्थानीय तहले सिफारिस शुल्कलाई आन्तरिक आयको Reliable Source को रूपमा लिएकोमा पछि मिडियामा आएको विवादका कारण घटाउँदै गएका र केहीले निःशुल्क पनि गर्ने गरेका, तर सिफारिस तथा दर्ताका लागि न्यूनतम प्रशासनिक खर्च उठाउनुपर्ने हुँदा निशुल्क गर्न नहुने धारणा चागुना-विन्दावासिनी का जनप्रतिनिधीको रहेको,
- हेटौँडा उप.म.न.पा. मा संस्थागत विद्यालय दर्ता तथा सिफारिस शुल्क नियमन र व्यवस्थापन प्रयोजनार्थ वढी राखिएको जानकारी भयो,

**७. कवाडी करः**

- धरान उप.म.न.पा. ले कवाडी कर उठाउनका लागि टेण्डर आह्वान गरिएको, हेटौँडा उप.म.न.पा.मा कवाडी निकासी कर लगाईएको।

**आ. विवादित केही निश्चित निकायले लगाएका फरक प्रकृतिका करहरुः**

**१. डुँगावाट सामान ओसार-पसार गर्दा लिईने करः**

- खोला तर्दा पनि कर तिर्नु पर्ने भनी मिडियमा आएको धनगढी न.पा.ले लगाएको यो करको वास्तविकता फरक रहेको। धनगढी उप.म.न.पा. को साविक फुलवारी गा.वि.स.को मोहना नदिवाट भारत जाँदा तथा भारतवाट सामान लिई नेपाल फर्कदा डुँगाको प्रयोग गर्दा यो कर लिने गरिएको, डुँगा डुव्दा क्षति हुन सक्ने हुँदा Insurance को पाटोलाई हेरेर नितान्त भारत जान- आउन डुँगा प्रयोग गर्दा यो कर लगाईने।

**२. खानेपानी निकासीमा भ्याट सहित निकासी करः**

- गोदावारी न.पा.ले तहाँवाट वाहिर पानि निकासी गर्ने टयाङ्करहरूलाई प्रति टयाङकर रु.१५० तथा थप १३ प्रतिशत समेत गरी रु.१६३ लिने गरेको। यो १३ प्रतिशत के वापत हो नखुल्ने र यसरी उठाएको रकम कहाँ कसरी जान्छ भन्ने बारेमा अन्योल रहेको।

**३. व्यवसाय करः**

- दमक नगरपालिकाले वजार व्यवस्थापन ऐन जारी गरी clinic पनि व्यसाय दर्तामा ल्याउने गरी व्यवसाय कर लिने गरेको।

**४. सहकारीलाई दर्ता शुल्कः**

- सूर्योदय न.पा.ले सहकारी संस्थाहरू स्थानीय निकायमा आई काम गर्दा सूचीकृत हनुपर्छ दर्ता शुल्क लिने गरेकोमा सहकारीहरूले दोहोरो कर लिएको भनी विरोध गरेका।

५. गुम्वा करः

- दक्षिणकाली न.पा.मा धेरै संख्यामा गुम्वाहरू रहेका, १००० सम्म कोठा भएका गुम्वाभित्रवाट धेरै किसिमका व्यवसाय हरू सञ्चालन भएका, होटल, विद्यालय, योग केन्द्रहरू पनि त्यहाँवाट सञ्चालान हुने भएकाले ती कारोवारलाई पनि करको दायरा लिनुपर्छ भनी कर गुम्वा कर लगाईएकोमा धार्मिक सहिष्णुताको विषय झिकेर विभिन्न संघर्ष समिति गठन भई विरोध गर्न आउने गरेको।

## इ. ऐनका विषयहरुः

सार्वजनिक खरिद ऐनका प्रावधानहरूले स्थानीय निकायलाई पूर्ण रूपमा नसमेट्ने हुँदा स्थानीय निकायलाई खरिद नियमावली वनाउने अकिकार प्रदान गर्ने गरी सार्वजनिक खरिद ऐनलाई संशोधन गर्नुपर्ने र नमुना नियमावली संघले वनाईदिनुपर्ने माग स्थानीय निकायहरूले राखेका थिए। व्यवसाय दर्तामा भएको अन्योलता हटाउनलाई नमुना कार्यविधी यथाशिघ्र वनाईनुपर्ने कुरामा जोड दिईएको थियो।

## ई. प्रदेश तथा स्थानीय तहका वीचका विवादका विषयहरुः

- ढुङ्गा, गिट्टी तथा बालुवामा प्रदेशले उत्पादन तथा निकासी कर उठाउने भनेको, सो सम्बन्धी दरहरू प्रदेश सरकारले ३ पटक सम्म परिवर्तन गरी नयाँ कायम भएको दर वमोजिम कर उठाउन स्थानीय सरकारलाई पत्राचार गरेकोमा स्थानीय तहले कर सम्बन्धी विषय हेर्ने अधिकार प्रदेश सभाको भएको हुँदा कार्यपालिकाको निर्णय नमान्ने भनी अडान लिएका कारणा अन्योल कायमै रहेको।
- हेटौंडा उप.म.न.पा. को घर वहाल करको विषयमा कर कार्यालयसँग विवाद रहेको,
- ढुँगा, गिट्टी तथा बालुवा करमा साविक अनुसारकै विल विजक प्रहरीले खोज्ने भएका कारण प्रहरी सँग विवाद हुने गरेको,
- ढुङ्गा, गिट्टी तथा बालुवाको करका सम्बन्धमा धरान उप.म.न.पा.को अन्य स्थानीय निकायसँग विवाद रहेको। GIS लाई आधार मान्नेकी वर्षौं देखिको स्थानीय वासिन्दाको वसाईलाई आधार मान्ने भनि ईटहरी र धरान उप महानगरपालिका बीचमा विवाद रहेको।

अन्तरक्रिया कार्यक्रमको उपस्थितीः-

| सि.नं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | दिनेश कुमार थपलिया | सचिव | संघीय मा. तथा सा.प्र. म. |
| २ | शिशिर कुमार ढुङ्गाना | सचिव (राजस्व) | अर्थ मन्त्रालय |
| ३ | बैकुण्ठ अर्याल | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वि.आ. |
| ४ | सुरेश अधिकारी | सहसचिव | संघीय मा. तथा सा.प्र.मं. |
| ५ | गोपीकृष्ण खनाल | सहसचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ६ | पुरुषोत्तम नेपाल | सहसचिव | संघीय मा.तथा प्र. म. |
| ७ | मञ्जु भण्डारी (सुवेदी) | उप-प्रमुख | धरान उप-महानगर पालिका |
| ८ | दिपक बाबु कँडेल | प्रमुख | पालुङ्ग |
| ९ | महेश बराल | प्रमुख प्रशासकिय अधिकृत | धुलिखेल न.पा. |
| १० | रोम नाथ ओली | नगर प्रमुख | दमक, न.पा. झापा, प्रदेश नं १ |
| ११ | दुर्गा देवी भट्टराई | | सु न पा ईलाम |
| १२ | मिना लामा | | हैटौडा उपमहानगरपालिका |
| १३ | प्रेम कुमारी थापा | उप प्रमुख | घोडाघोडी न पा |
| १४ | कृष्ण प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | टोखा नगरपालिका |
| १५ | पुष्पराज खनाल | शाखा अधिकृत | टोखा नगरपालिका |
| १६ | सुशिला पौडेल ढकाल | प्रमुख प्रशासकीय अधिकृत | दक्षिणकाली नगरपालिका |
| १७ | धन बहादुर बस्नेत | लेखा अधिकृत | धुलिखेल नगरपालिका |
| १८ | प्रदिप पौडेल | प्रमुख प्रशासकीय अधिकृत | बुढानिलकण्ठ न पा |

| | | | |
|---|---|---|---|
| १९ | अच्युत खड्का | राजस्व शाखा प्रमुख | बुढानिलकण्ठ न पा |
| २० | जानुका सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | तारेकेश्वर न पा |
| २१ | राज्य प्रकाश प्रधाङ्ग | विभागीय प्रमुख | का म न पा |
| २२ | दिल्लीराज शाक्य | वन अधिकृत | ललितपुर महानपा |
| २३ | हिरण्य प्रसाद पराजुली | उपसचिव | ललितपुर महानपा |
| २४ | हरि प्रसाद दहाल | प्रमुख प्रशासकीय अधिकृत | ललितपुर महानपा |
| २५ | सुशिला मिश्र भट्ट | उप प्रमुख | धनगढी उपमहानपा |
| २६ | भिमसेन तिमिल्सिना | उप सचिव | अर्थ मन्त्रालय |
| २७ | विवेक रिजाल | शा अ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| २८ | भोला प्रसाद चापागाई | प्रमुख प्रशासकीय अधिकृत | पाँचखाल नपा |
| २९ | पुष्पमायाँ दनुवार | बरिष्ठ राजस्व सहायक | पाँचखाल नपा |
| ३० | चिरिन्जीवी तिमिल्सीना | प्रमुख प्रशासकीय अधिकृत | सूर्य विनायक न पा |
| ३१ | माधव राज घिमिरे | ना सु | सूर्य विनायक नपा |
| ३२ | कपिल पौडेल | ले अ | शखरापुर नपा |
| ३३ | प्रमोद सिंखडा | प्रमुख प्रशासकीय अधिकृत | शखरापुर नपा |
| ३४ | दिपक कोइराला | प्रमुख प्रशासकीय अधिकृत | गोकर्णेश्वर नपा |
| ३५ | भुपेन्द्र बोहोरा | नासु | गोकर्णेश्वर नपा |
| ३६ | सुदर्शन खनाल | प्रशासकीय अधिकृत | तारेकेश्वर नपा |
| ३७ | ईश्वर अगाँई | राजस्व शाखा प्रमुख | तारकेश्वर नपा |

| | | | |
|---|---|---|---|
| ३८ | प्रभाष कुमार चालिसे | कर अधिकृत | भद्रपुर नपा |
| ३९ | कृष्ण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | नागार्जुन नपा |
| ४० | राजेन्द्र प्रसाद गौतम | राजस्व शाखा प्रमुख | नागार्जुन नपा |
| ४१ | दिनेश लुईटेल | शा अ | चन्द्रागिरी नपा |
| ४२ | याम नाम शर्मा | | UNDP |
| ४३ | सूर्य बहादुर शाही | | चामुण्डाविन्दानैनी नपा दैलेख |
| ४४ | लक्ष्मी प्रसाद रेग्मी | प्रमुख प्रशासकीय अधिकृत | महालक्ष्मी नपा |
| ४५ | विश्वराज मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | गोदावरी नपा |
| ४६ | श्रीराम आचार्य | राजस्व शाखा प्रमुख | गोदावरी नपा |
| ४७ | हेमन्द कुमार थापा | प्रमुख प्रशासकीय अधिकृत | पनौती नपा |
| ४८ | कृष्ण प्रसाद सापकोटा | शाखा अधिकृत | बनेपा नपा |
| ४९ | भोजराज घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | बनेपा नपा |
| ५० | धुब्रराज नेपाल | बरिष्ठ राजस्व अधिकृत | बनेपा नपा |
| ५१ | पुण्यप्रसाद लुईटेल | प्रमुख प्रशासकीय अधिकृत | बनेपा नपा |
| ५२ | निरञ्जन प्रकास निरौला | शाखा अधिकृत | चागुनारायण नपा |
| ५३ | निरञ्जन श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | किर्तिपुर नपा |

| | | | |
|---|---|---|---|
| ५४ | इन्द्र गौतम | प्रमुख प्रशासकीय अधिकृत | कामनपा |
| ५५ | चिरिन्जीवी नेपाल | शा अ | कागेश्वरी न पा |
| ५६ | मोहन अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | मण्डनदेउपुर नपा |
| ५७ | शेखर आचार्य | प्रशासकीय अधिकृत | मडनदेउपुर नपा |
| ५८ | भागवत प्रसाद रेग्मी | प्रशासकीय अधिकृत | नमोबद्ध नपा |
| ५९ | ढुण्डीराज दहाल | ले अ | नमोबुद्ध नपा |
| ६० | कुमार प्रसाद कोइराला | प्रमुख प्रशासकीय अधिकृत | नमोबुद्ध नपा |
| ६१ | दिनेश प्रसाद थानी | शा अ | |
| ६२ | धनबहादुर चन्द | | |
| ६३ | विष्णुदत्त गौतम | उप सचिव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

# अनुसूची - २

**स्थानीय कर सम्बन्धी बिषयमा मिति २०७५।०५।१३ मा पोखरामा आयोजित छलफलमा प्राप्त सुझावहरु**

१. भानु नगरपालिका, तनहूँ

- ढुङ्गा, गिट्टी, बालुवाको दररेट प्रदेश कानूनले तोक्नु पर्ने, ताकेको जानकारी नहुँदा विगत जि.स.स ले प्रयोग गरेको दररेटमा लगाइने तयारी भएको (सूचना प्रकाशनको तयारी भैरहेको)
- निकासी कर कुन कुन वस्तुमा कसरी लगाउने प्रस्ट भएन
- सवारी साधन कर लगायतका दोहोरो परेका करमा प्रस्ट भएन

२. पोखरा लेखनाथ महानगरपालिका

- सम्पत्ति करको लागी जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेशन प्रयोजनका लागि कायम गरिएको मूल्यको ५० प्रतिशतले कम हुने गरी कायम गर्ने गरिएको, संरचनाको हकमा प्रति वर्गफुट दर कायम गरी न्यूनतम १००।— देखि ५ करोड देखि माथीकोमा प्रति हजार रु २।— का दरले (आ.व ०७२/७३ मा कायम भएको दर नै हाल कयम)
- सम्पत्तिको मूल्याङ्कनलाई परिमार्जन गरिएको कारण करमा केही थप भएको छ। सम्पत्ति कर वा एकीकृत सम्पत्ति कर भन्नेमा पनि द्विविधा रहेको छ।
- ढुङ्गा, गिट्टी, बालुवाको प्रदेश कानून बमोजिम वोलपत्र आह्वान गरिएको।
- पटके सवारी कर नलगाइएको (सवारी कर र मनोरञ्जन कर प्रदेश कानून अनुसार नै गरिएको छ।
- निकासी कर कवाडी मात्रमा लगाइएको
- सेवा शुल्कको दर निर्धारण गर्दा सेवाको लागतलाई आधार मानिएको।
- घर जग्गा वहाल करमा अप्राकृतिक व्यक्तिको कर स्थानीय तहले उठाउँन पाउने नपाउने द्विविधा रहेको।
- करको दर होइन दायरा बढाउने नीति लिइएको छ।
- कर तिर्न संस्कारको विकास नभएको कारण पनि बढी टिका टिप्पणी आएका छन्।
- करबाट उठेको रकम पारदर्शी रुपमा सदुपयोग गर्ने वातावरण बनाई जनतालाई सुसूचित गर्न सकिएमा कर तिर्न नखोज्ने अवस्था रहदैन।

- केहि अबकभक मा गत वर्ष कर गणना गर्दा गल्ती भएको कारण यस वर्ष अलि बढी कर लाग्ने अवस्था आएको।
- यस बिषयमा देखिएका समस्या पहिचान गरी समाधान गर्न एक कार्यदल गठन भै काम भैरहेको।
- सिफारिस दस्तुरमा दर नबढाइएको र घटना दर्ता निशुल्क गरिएको।
- सबै तहका सेवा शुल्कको दररेट फरक फरक भएकोले पनि समस्या आएकोले न्यूनतम र अधिकतम दर निर्धारण गरिदिएमा राम्रो हुने।
- कतिपय बिषय अनावश्यक हल्लाका रुपमा पनि आउने गरेका छन।( बिमाको रकम दावी गर्ने प्रयोजनका लागि मरेको गाईको प्रमाणित गर्दा लिएको शुल्कलाई सबै मरेका गाईको कर लिए भन्ने गरिएको)
- सबै सेवा शुल्क र कर वडा कार्यालयबाटै उठाउने गरिएको।
- यस बिषयमा अन्योलता रहेको हुँदा यस किसिमका छलफल र अन्तरकृया समय समयमा हुनु पर्ने।

३. व्यास नगरपालिका

- आ.व. ०६१/६२ बाट सम्पत्ति कर लिदै आएको, २/३ पटक पुनरावलोकन भैसकेको र हाल यो करमा कुनै विवाद छैन, यलष्लिभ पद्धतिबाट असूल वडा बाटै हुने गरेको छ, आ.व. ०७१/७२ को दरले नै अहिले उठाइएको।
- पटके सवारी कर लगाइएको छैन।
- चुन ढुङ्गाको बिक्रिमा ठुलो समस्या आएको, खानी तथा खनिज ऐन र प्रदेश कानून बीच तालमेल देखिएन। (खासचुन र गोलामाइटमा)
- निकासी करको विषयमा पनि द्विविधा भयो।
- ढुङ्गा, गिट्टी, बालुवामा प्रदेशले बनाएको कानूनले समस्या बनाएको, वोलपत्रको तयारी भैरहेको।
- घर, जग्गा बहाल कर प्राकृतिक व्यक्तिलाई ५ प्रतिशत र अप्राकृतिक व्यक्तिलाई १० प्रतिशत का दरले लगाउने गरिएको।
- सम्पत्ति करको बिषयमा संघीय सरकारका निकायबीच नै समन्वय नभएको कारण पनि स्थानीय तहलाई समस्या आएको।
- प्रशोधित ढुङ्गाको दर प्रदेश कानूनमा आएन।

४. मादी गाउँपालिका

- सम्पत्ति कर लगाउने तयारी भैरहेको र घर जग्गा बाहेकमा ०.०१ प्रतिशत का दरले भूमिकर लगाउने निर्णय भएको।
- ढुङ्गा, गिट्टी, बालुवा प्रदेश कानून बमोजिम सूचना प्रकाशन भैरहेको।
- पटके सवारीकर लिइरहेको।
- जडीबुटी संकलन अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाबाटै उठाइएकोले गाउँपालिकाले उठाएको छैन।
- निकासी कर र कवाडी सामानमा मात्र लिने गरिएको।
- व्यवसाय कर यो वर्षदेखि शुरु ३००।— देखि २०००।— रहेको।
- घर नक्सा पास दस्तुर १।— देखि रु ६।— प्रति वर्गफुट।

५. भिमाद नगरपालिका

- गत वर्ष देखि एकीकृत सम्पत्ति कर प्रारम्भ गरिएको। नामाकरण सम्पत्ति कर भन्दा घरजग्गा कर भन्नु राम्रो हुन्थ्यो। सबै घर जग्गा मै सम्पत्ति कर लगाइएको छ। भूमिकर छुट्टै लिनु भन्दा विगत कै पद्धति ठीक छ। रु २५।— देखि रु २५०००।— सम्म कर लाग्ने गरेको अवस्था छ।
- ढुङ्गा, गिट्टी, बालुवाको दर प्रदेश कानून र स्थानीय कानून बीच फरक पर्ने अवस्था आयो ( के गर्न सकिएला ? ७२ बाट १४१ पुग्न गयो )
- स्थानीय सडकमा पूर्वाधार उपयोग सेवा शुल्क लगाएको छ।
- निकासी कर (कृषि जन्य वस्तुमा नलगाइएको) ढुङ्गा, गिट्टीमा लगाउने तयारी रहेको।
- व्यक्तिगत घटना दर्ता दस्तुर कानून बमोजिम नै लिइएको छ।
- छिमेकी स्थानीय तहको दरलाई पनि आधार मानिएको छ।

६. अन्नपूर्ण गाउँपालिका

- सम्पत्ति कर यस बर्ष देखि शुरु भएको न्यूनतम रु १००।— देखि प्रति लाख रु १०।— का दरले लगाउने गरिएको, बढी तिर्नेले रु ५००।— सम्म तिर्नु पर्ने अवस्था छ।
- घर नक्सा पास दस्तुर रु १।— देखि रु ४।—प्रति बर्ग फीट रहेको।
- घटना दर्ता दस्तुर प्रचलित कानून बमोजिम नै छ।

- पटके सवारी कर रु ३०।— देखि रु १००।— गाउँपालिकाले निमार्ण गरेको सडकमा ( १० लाख बार्षिक उठ्ने गरी ठेक्का भै सकेको )

७. रुपा गाउँपालिका

- दर होइन दायरा बढाउने नीति लिइएको हुदाँ विगतको गाविसले निर्धारण गरेको दर नै कायम छ।
- सम्पत्ति कर लगाउने तयारी छ , न्यूनतम ५०।— देखि प्रतिलाख रु १०।—, रु २०।—, रु २५।—, रु ५०।— र रु १००।— को दरले उठाउने गरी कानून स्वीकृत भएको।
- ढुङ्गा, गिट्टी, बालुवा प्रदेश कानून अनुसार सूचना प्रकाशन भएको।
- पटके सवारी कर उठाइएको छ।
- निकासी कर लगाइएको छैन।
- सिफारिस दस्तुर विगत गाविस कै दर कायम छ।

८. गोरखा नगरपालिका

- सम्पत्ति कर वडा कार्यालयबाटै (धेरै जसो वडामा) उठाउने गरिएको छ , आ.व. ०६५/६६ बाट शुरु भएको, न्यूनतम रु ५०।— देखि ६०,०००।— सम्म लाग्ने अवस्था छ। सबै जग्गामा सम्पत्ति कर लगाइने गरेको छ।
- घर जग्गा बहाल कर १२ प्रतिशत कायम।
- घर नक्सा पास दस्तुर रु १।५० देखि रु ६।— प्रति वर्गफुट।

९. माछापुच्छ्रे गाउँपालिका

- घर जग्गा बहाल कर १२ प्रतिशत लिने गरेको।
- व्यवसाय कर रु २००।— देखि ७०००।— सम्म ( १५४ शिर्षकमा)
- क्रसर उद्योगमा दर्ता शुल्क ७५००० र नविकरण शुल्क रु २५००० लिने गरिएको।
- जडिबुटी, हड्डी, छालामा निकासीकर उठाउने गरेको।
- सडक उपयोग कर उठाइएको र यसबाट वार्षिक रु ६,२५,०००।— आय हुने।
- घर नक्सा पास दस्तुर रु ५।— देखि रु २५।— सम्म प्रति वर्गफीट चऋऋ घरमा, पक्कीमा न्यूनतम रु ३।— र कच्चीमा एकमुष्ट रु १०००।— र भुकम्पबाट क्षति भएकोमा घरमा १ तलासम्म नक्सा पास निशुल्क हुन्छ।सामाजिक संजालमा आएको नक्शापासमा ३१००० लिएको भन्ने विषयमा सो घर भूई तल्लाको क्षेत्रफल १०८८

वर्गफिट रहेको र ३ तलाको गरी ३००० बर्गफीट हुने र रु ३१०००।— घर नक्सा पास दस्तुर लागेको छ। करको रकम केह िबढी भएको हो की भन्ने विषयमा कार्यपालिकामा छलफल भैरहेको)

- सम्पत्ति कर लगाउने तयारी भैरहेको र न्युनतम ५०।— देखि ५ करोड माथीको सम्पत्तिमा प्रति लाख रु ५०।— का दरले।
- ढुङ्गा, गिट्टी, बालुवाको कर गाउँसभाले स्वीकृत गरेको दरमा ठेक्का सूचना प्रकाशनको तयारी भैरहेको

१०. कुस्मा नगरपालिका

- आ.व. ०७३/७४ देखि सम्पत्ति कर लगाइएको, रु ५,००,०००।- सम्म रु ५०।— का दरले न्यूनतम र अधिकतम रु २६,०००।— सम्म तिर्ने अवस्था छ। खासै जनगुनासो नरहेको।
- ढुङ्गा, गिट्टी, बालुवा ठेक्का स्वीकृत भैसकेको, प्रदेश कानून बमोजिम दररेट समायोजन हुने गरी सम्झौता भएको तर कसरी गर्ने भन्ने टुङ्गो लगाउन बाँकी रहेको।
- पूर्वाधार उपयोग (सडक) सेवा शुल्क लिने गरेको।
- सवारी साधन कर लिने गरेको।
- सेवा शुल्क दस्तुर लिने गरेको।
- कवाडीमा कर निकासी कर लिने गरेको।
- ढुङ्गा, गिट्टी, बालुवामा २०७५ जेष्ठमा उच्च अदालतको स्काभेटर प्रयोग गर्न नपाउने भन्ने आदेशले समस्या भएको।

११. फेदी खोला गाउँपालिका

- सम्पत्ति कर लगाउन शुरु भएको, न्यूनतम रु १०।— देखि रु ६०००।— सम्म लाग्ने अवस्था रहेको, भूमीकर रु १००।— देखि प्रति रोपनी रु ५ देखि रु २५ सम्म रहेको, बजार क्षेत्रमा भूमीकर १०० प्रतिशत थप हुने।
- जडीबुटी कवाडी र जीवजन्तु कर लगाएको छैन।
- पटके सवारी कर लिने गरेको (ठेक्का बन्दोवस्त भैसकेको)

१२. बन्दीपुर गाउँपालिका

- सम्पत्ति कर ३ बर्ष देखि शुरु भएको, दररेट विगत कै कायम छ। न्यूनतम ५०।— देखि रु ४२०००।— सम्म।

- गत बर्ष २० लाख ६७ हजार उठेको, विगत कै हिसावले लगाइएकोले भूमीकर(मालपोत) नलगाइएको।
- व्यवसाय कर रु १०००।— देखि रु ३०००।— सम्म।
- सवारी कर विगत देखि लगाइएको, चालु आ.व. मा पनि लिई आएको।
- पटके सवारी कर उठाइएको छैन।
- ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का लगाई सकेको छैन।

१३. शुक्लागण्डकी नगरपालिका

- सम्पत्ति कर ०७१/७२ देखि नै जे थियो अहिले पनि त्यहि नै छ , दर संशोधन भएको छैन, विरोध पनि आएको छैन।
- ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का लगाई सकिएको छैन, तयारी भैरहेको छ।
- पटके सवारी कर लगाइएको छैन।
- सवारी साधन कर लिने गरिएको छ।
- ढुङ्गा, गिट्टी, पशु कृषिजन्य वस्तु र काठमा निकासी कर लिने गरी सूचना प्रकाशन भएको।
- सिफारिस शुल्क दस्तुरको दरमा जनगुनासो नभएको।
- वहाल विटौरी शुल्कमा समस्या।
- सूर्य नेपाललाईरु १० लाख व्यवसाय कर लगाइएको, वातावरण शुल्क रु ८ लाख लगाएको।

१४. आबुंखैरेनी गाउँपालिका

- सम्पत्ति कर रु ५०।— देखि रु ६०,०००।— सम्म लगाइएको, भूमीकर(मालपोत) नलगाइएको सबै जग्गामा सम्पत्ति कर लगाइएको।
- व्यवसाय कर न्यूनतम ७००।— देखि ४०,०००।— सम्म।
- घर नक्सा पास दस्तुर प्रति बर्ग फीट रु २।— देखि रु ७।— सम्म रहेको।
- ढुङ्गा, गिट्टी, बालुवाको गाउँसभाले तोकेको दरमासूचना प्रकाशन भएको।
- निकासी कर लिइने गरेको र ठेक्का लागि सकेको।
- विज्ञापन कर ठेक्का लागेको छ।
- प्रदेशको तर्फबाट मन्तव्य, सचिव, आर्थिक योजना मन्त्रालय
- ग—४ खाता तत्काल खोल्ने व्यबस्था मिलाउने।

- सम्पत्ति कर संघीय कानून बमोजिम गर्ने।
- मनोरञ्जन कर प्रदेश कानून बमोजिम गर्ने।
- सवारी साधन कर उठाउन वन्द गर्ने।
- घर वहाल कर संघीय आर्थिक ऐनले स्पष्ट गरिसकेको छ।
- पर्यटन शुल्क यो वर्ष उठ्ने अवस्था छैन, आगामी वर्ष देखि प्रदेशले पाउने गरि समितिको प्रतिवेदनमा समावेश गरिदिनु पर्ला।
- श्रीमान सचिव ज्यू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
- स्थानीय तहले लगाएको कर भन्दा मिडियाले लगाएको कर बढी छ, केही ठाउँमा समस्या छ भने समाधान गरेर जानुपर्छ।
- समयमा बजेट ल्याउने विषयमा ध्यान दिन जरुरी छ, तर स्थानीय तहले संघीय र प्रदेश आर्थिक ऐन नहेरी आर्थिक ऐन बनाएको कारण पनि समस्या आएको छ, कार्यक्षेत्रमा नपरेको विषयको कर छ भने तुरुन्त संशोधन गर्नुपर्छ।
- कानून संशोधन भएपछि कानून पालना गर्नुपर्छ वरु संशोधित कानूनले समस्या उत्पन्न गर्ने अवस्था भए त्यसलाई पुनः संशोधन गर्ने प्रयास गर्न सकिन्छ।
- दरको हकमा स्थानीय तहको सभा कै अधिकार हो त्यसमा संघीय सरकार र प्रदेश सरकारले केही भन्न मिल्दैन तर क्षेत्राधिकार भित्र नपर्ने कर भने लिनै पाइदैन। (जस्तोः सवारी साधन कर)
- सम्पत्ति करमा हाल विधमान कानूनलाई नै अवलम्वन गर्ने हो यसमा अन्यथा गर्न मिल्दैन।
- विभाज्य कोष खोल्ने, रकम जम्मा गर्ने र बाडँफाँड गर्ने प्रक्रिया को.ले.नि.का. मार्फत प्रस्ट गरिएको छ सोही अनुसार तत्काल अघि बढाउँनु पर्ने छ।
- करको विषयमा कुनै द्धिविधा भए प्रदेश अर्थ मन्त्रालयबाट सहयोग लिन सकिन्छ।
- शुल्क वा सेवा शुल्क बारे स्पष्टता जरुरी छ।
- कराधारलाई ख्याल गरेर मात्र कर लगाउनु पर्छ, त्यसैले दर होइन दायरा बढाउनु पर्छ भने कर तिर्न सक्ने क्षमता पनि हेर्नुपर्छ। साथै शुल्कलाई सेवासँग आवद्ध गर्नुपर्छ।
- करको दर निर्धारण गर्दा ध्यान दिनुपर्छ, यसको न्यूनतम र अधिकतम दर निर्धारण गर्ने तर्फ पनि छलफल भैरहेको छ।

- अहिले देखिएका समस्याहरुलाई समितिले यथाश्रीघ प्रतिवेदन तयार गरी सरकार समक्ष पेश गर्नेछ। त्यसपछि अहिले देखिएका करका समस्याहरु समाधान हुनेछन्।

# सहभागीको विवरण

| सि नं | सहभागीको नाम ,थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री वैकुण्ठ अर्याल | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| २ | गोपिकृष्ण खनाल | सह-सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ३ | मुक्ति पाण्डे | प्रमुख सचिव | गण्डकी प्रदेश |
| ४ | शेष नारायण पौडेल | प्रमुख प्रशासकिय अधिकृत | पोखरा लेखनाथ महानगरपालिका |
| ५ | विष्णुदत्त गौतम | उप-सचिव | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ६ | निर्मल ढकाल | उप-सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ७ | विवेक रिजाल | शाखा अधिकृत | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ८ | राजेन्द्रदेव पाण्डे | प्रमुख प्रशासकिय अधिकृत | भानु नगरपालिका |
| ९ | झेलकनाथ पौडेल | लेखापाल | मादी गाउँपालिका |
| १० | गोविन्द खनाल | सा.चौ. | मादी गाउँपालिका |
| ११ | चुडामणी वाँनिया | सहलेखापाल | माछापुच्छ्रे गाउँपालिका |
| १२ | भरत कोइराला | पत्रकार | समाधान दैनिक |
| १३ | शेषकान्त पौडेल | प्रमुख प्रशासकिय अधिकृत | अन्नपूर्ण गाउँपालिका |
| १४ | हरि वहादुर भुजेल | प्रमुख प्रशासकिय अधिकृत | रुपा गाउँपालिका |
| १५ | वन्दुराज रेग्मी | लेखापाल | रुपा गाउँपालिका |
| १६ | लोकनाथ आचार्य | प्रमुख प्रशासकिय अधिकृत | माछापुच्छ्रे गाउँपालिका |
| १७ | पुष्पा गौतम | सहलेखापाल | फेदीखोला गाउँपालिका |
| १८ | नवराज पण्डित | प्रमुख प्रशासकिय अधिकृत | शुक्लगण्डकी नगरपालिका |
| १९ | त्रिलोचन लम्साल | कम्प्युटर अधिकृत | शुक्लगण्डकी नगरपालिका |
| २० | टेकनारायण सुवेदी | ना.सु. | कुस्मा नगरपालिका |
| २१ | सुवास कुमार लामिछाने | प्रमुख प्रशासकिय अधिकृत | कुस्मा नगरपालिका |
| २२ | किरण वावु कंडेल | ना.सु. | गोरखा नगरपालिका |

| | | | |
|---|---|---|---|
| २३ | कृष्ण कुमारी श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | गोरखा नगरपालिका |
| २४ | प्रकाश ढकाल | पत्रकार | आदर्श समाज |
| २५ | दधिराज पौडेल | ना.सु. | भिमाद नगरपालिका |
| २६ | थमनसिँह थापा | प्रमुख प्रशासकिय अधिकृत | भिमाद नगरपालिका |
| २७ | हरिप्रसाद वास्तोला | प्रमुख प्रशासकिय अधिकृत | व्यास नगरपालिका |
| २८ | हेमन्त गुरुङ | वित्त सहायक | व्यास नगरपालिका |
| २९ | कुमार कञ्चन जि.सी. | वरिष्ठ अधिकृत | व्यास नगरपालिका |
| ३० | छविलाल शर्मा | राजस्व शाखा प्रमुख | पोखरा लेखनाथ महानगरपालिका |
| ३१ | केशव शरण | पत्रकार | अन्नपूर्ण पोष्ट दैनिक |
| ३२ | अमृत सुवेदी | पत्रकार | समाधान दैनिक |
| ३३ | ईश्वर देवकोटा | पत्रकार | ताण्डव न्यूज |
| ३४ | सन्जिव वहादुर कोईराला | व्यवसायी | उद्योग वाँणिज्य संघ, पोखरा |
| ३५ | गौतम यादव | व्यवसायी | उद्योग वाँणिज्य संघ, पोखरा |
| ३६ | सन्तोष अधिकारी | पत्रकार | थाहा सञ्चार |
| ३७ | सुकदेव लम्सा | प्रमुख प्रशासकिय अधिकृत | वन्दिपुर गाउँपालिका |
| ३८ | कृष्ण प्रसाद न्यौपाने | लेखापाल | वन्दिपुर गाउँपालिका |

# अनुसूची - ३
## स्थानीय तहको राजस्व अधिकारको तुलनात्मक विवरण

| विगतको व्यवस्था (स्थानीय स्वा. शा. ऐन र नियम बमोजिम) | | | हालको व्यवस्था (संविधान र अन्य प्रचलित संघीय कानून बमोजिम) | | |
|---|---|---|---|---|---|
| गाउँ विकास समिति | | | गाउँपालिका | | |
| करको क्षेत्र | करको आधार | कर रकम | करको क्षेत्र | करको आधार | कर रकम |
| **१. घरजग्गा कर** | पक्की घरमा त्यस्तो घरको तला, बनोट, क्षेत्रफल र घर रहेको स्थान | प्रति घर वार्षिक पाँच रुपैयाँदेखि पाँच सयसम्म | **१. सम्पत्ति कर** | घर र घरले चर्चेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **२. मालपोत** (भूमिकर लगाइने जग्गामा मालपोत नलगाइने) | जग्गाको किसिम (अब्बल, दोयम, सिम र चाहार) र उत्पादकत्व | परिषद्को निर्णयले प्रति रोपनी रु. १।— देखी रु. १००।— सम्म र प्रतिकट्ठा रु. १।— देखि रु. ६५।— सम्म | **२. मालपोत** | सम्पत्ति कर नलागेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **३. भूमीकर** (क्षेत्र निर्धारण गाउँ परिषद्को सिफारिसमा जिल्ला परिषद्ले गर्ने) | भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता | परिषद्को स्वीकृतिले प्रति रोपनी रु. १५।— देखि ४००।— सम्म र प्रति कठ्ठा रु. १०।— देखि रु. २६०।— सम्म | **३. भूमीकर** | सम्पत्ति कर नलागेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| **४. हाट, बजार, पसल कर** | हाट बजारमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं पसल कर | परिषद्ले निर्धारण गरे बमोजिमको दररेटमा | **४. सेवाशुल्क** | आफैले निर्माण, संचालन वा व्यबस्थापन गरेको पूर्वाधार वा उपलब्ध गराएको सेवामा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **५. सवारी साधन कर** (वार्षिक) | (क) बस, ट्रक, लरी र अन्य हेभी गाडी<br>(ख) भाडाका कार, जीप<br>(ग) भाडाको टेम्पो<br>(घ) भाडाको मिनीवस<br>(ङ) निजी कार, टेम्पो, मिनीबस<br>(च) स्कुटर, मोटरसाईकल तथा अन्य सवारी<br>(छ) ठेलागाडा तथा रिक्सा<br>(एक गाविसले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्कोले लिन नपाउने) | एकहजार देखि तीनहजार रुपैयाँ<br>दुईसयदेखि पाँचसय<br>एकसय देखि तीनसय<br>पाँचसय देखि तीनहजार<br>एकसय रुपैयाँदेखि तीनसयसम्म<br>पचास रुपैयाँदेखि दुईसय रुपैयाँसम्म,<br>पन्ध्र रुपैयाँदेखि पच्चीस रुपैयाँसम्म | **५. सवारी साधन कर (वार्षिक)** | रिक्सा, टाँगा, ईरिक्सा, अटोरिक्सा अन्य सवारी साधनमा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम<br><br>प्रदेश कानून बमोजिम |
| **६. विदेशी सवारी साधनमा कर** (पहिलो प्रवेश गर्दा बढीमा तीस दिन मात्र) | (१) मोटरसाइकल, स्कुटर<br>(२) मोटर, कार, जीप, भ्यान<br>(३) ट्रक, लहरी, बस, कन्टेनर, डोजर, रोलर | (१) प्रतिदिन बीस रुपैयाँ,<br>(२) प्रतिदिन पचास रुपैयाँ,<br>(३) एकसय एक रुपैयाँ | **६. घरजग्गा बहाल कर** | भाडामा लगाएको घर र जग्गा (प्राकृतिक व्यक्तिको) | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **७. पटके सवारी कर** (आफैंले बनाएको वा हस्तान्तरण | (१) निजी तथा भाडाका बस, ट्रक र ट्रैक्टर | (१) पाँच रुपैयाँदेखि बीस रुपैयाँसम्म | **७. जडीबुटी,** | ऊन, खोटो, जडिबुटी, बनकस, | सभाले स्वीकृत गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| भइआएको एक किलोमिटरभन्दा बढीको ग्राभेल वा पीच सडकमा) | (२) मिनीबस।<br>(३) निजी तथा भाडाका कार र टेम्पो<br>(४) अन्य सवारी साधनमा<br>(राजमार्ग तथा सहायक राजमार्गमा र वार्षिक सवारी कर तिरेका सवारी साधनमा पटके सवारी कर लगाउन नपाइने) | (२) पाँचदेखि दस रुपैयाँ<br>(३) पाँच रुपैयाँदेखि दस रुपैयाँसम्म<br>(४) पाँच रुपैयाँसम्म | **जीवजन्तु, कवाडी कर** | कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यबसायिक उपयोग गरे बापत | कानूनमा तोकिए बमोजिम |
| **८. मनोरञ्जन कर** | (क) सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सँगीत तथा मनोञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा<br>(ख) जादू, सर्कस, चटक आदिमा प्रति दिन | (क) दुई देखि पाँच प्रतिशत सम्म।<br>(ख) दुईसय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म | **८. मनोरञ्जन कर** | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |
| **९. बहाल विटौरी कर** | (क) पर्ती, ऐलानी जग्गामा आफैंले टहरा, छाप्रा निर्माण गरी रेखदेख संचालन गरेको अस्थायी पसल वा आवासको लागि उपलब्ध गराएकोमा<br>(ख) खाली रहेको पर्ती, एलानी जग्गामा व्यक्ति विशेषले आफैं छाप्रा, टहरा निर्माण गरी वा नगरी हाटबजार | (क) प्रति टहरा, छाप्राको मासिक पचास रुपैयाँदेखि एक हजार रुपैयाँसम्म मासिक<br>(ख) प्रति वर्ग फिट एक रूपैयाँदेखि दशरुपैयाँसम्म मासिक | **९. बहाल विटौरी कर** | आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्षेत्र वा सडक छेउका जग्गामा पसल वा अन्य कुनै व्यवसाय गरी बसेको भए | | | संरचनाको उपयोग बापत | |
| १०. विज्ञापन कर | गाविसको हकभोगको घर जग्गा वा सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेलाई | वार्षिक दुई सय रुपैयाँदेखि एकहजार रुपैयाँसम्म | **१०. विज्ञापन कर** | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |
| ११. व्यवसाय कर (वार्षिक) | व्यबसायको बर्गीकरणका आधारमा | रु पच्चीस रुपैयाँ देखि दशहजार सम्म | **११. व्यवसाय कर (वार्षिक)** | व्यबसायको लगानी र आर्थिक कारोबारको आधारमा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| १२. व्यावसायिक भिडियो कर | व्यावसायिक रूपमा भिडियोबाट चलचित्र देखाउनेलाइ | वार्षिक एक सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म। | **हाल नरहेको** | | |
| १३. प्राकृतिक स्रोत उपयोग कर | जिविसको कर दायराभित्र नपरेका प्राकृतिक स्रोत व्यावसायिक रूपमा उपयोग गर्ने व्यवसाय, उद्योग, फर्म, कम्पनी वा व्यक्तिबाट | बढीमा एक हजार रुपैयाँसम्म। | **१३. प्राकृतिक स्रोत विक्री** | ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री | संघ, प्रदेश र स्थानीय कानून बमोजिम |
| १४. स्थानीय संकलन र संचय कर | उद्योग व्यवसायीले सङ्कलन केन्द्र स्थापना गरी स्थानीय तहमा उत्पादित वस्तु संचय र सङ्कलन गरेमा | वार्षिक एक सय रुपैयाँदेखि एक हजार रुपैयाँसम्म | **हाल नरहेको** | | |
| १५. सिफारिस दस्तुर | १. अचल सम्पत्ति मूल्याङ्कन बापत प्रति सिफारिस<br>२. अन्य विषयको सिफारिस बापत प्रति सिफारिस | १. एक सयदेखि एक हजार रुपैयाँसम्म<br>२. पाँच रुपैयाँदेखि एकसय रुपैयाँसम्म। | **१५. सिफारिस दस्तुर** | सबै किसिमका सिफारिशहरु | सभाले स्वीकृत गरेको कानूनमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | तोकिए बमोजिम |
| **१६. नक्सा पासदस्तुर** | भवनको किसिम र क्षेत्र अनुसार | दुई हजारसम्म | **१६. नक्सा पासदस्तुर** | भवनको किसिम अनुसार | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

## ख) नगरपालिका

| विगतको व्यबस्था (स्थानीय स्वा।शा।ऐन र नियम बमोजिम) | | | हालको व्यबस्था (संविधान र अन्य प्रचलित संघीय कानून बमोमिज) | | |
|---|---|---|---|---|---|
| करको क्षेत्र | करको आधार | कर रकम | करको क्षेत्र | करको आधार | कर रकम |
| **१. घरजग्गा कर** (एकीकृत सम्पत्ति कर लागेकोमा नलाग्ने) | घर र घरले चर्चेको जग्गा | १० लाखसम्म नलाग्ने, त्यसपछिको रकममा ३० ० देखि १. ५ प्रतिशत | **हाल कायम नरहेको** | | |
| **२. एकीकृत सम्पत्ति कर** | घर र जग्गा | पच्चीस रुपैयाँ देखि ५ करोड माथिकोमा प्रति हजार दुई रुपैयाँ | **१. सम्पत्ति कर** | घर र घरले चर्चेको जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **३. मालपोत** (भूमिकर लगाइने जग्गामा मालपोत नलगाइने) | जग्गाको किसिम (अब्बल, दोयम, सिम र चाहार) र उत्पादकत्व | परिषद्को निर्णयले प्रति रोपनी रु. १।— देखी रु. १००।— सम्म र प्रतिकट्टा रु. १।— देखि रु. ६५।— सम्म | **२. मालपोत** | जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **४. भूमीकर** (क्षेत्र निर्धारण नगर परिषद्को सिफारिसमा नेपाल सरकारले गर्ने) | भूमिको उत्पादकत्व वा व्यापारिक, आवासीय, सामुदायिक, गुठी, कृषि वा वन आदि उपयोगिता | परिषद्को स्वीकृतिले प्रति रोपनी रु. १५।— देखि ४००।— सम्म र प्रति कठ्ठा रु. १०।— देखि रु. २६०।— सम्म | **३. भूमीकर** | जग्गा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **५. बहाल कर** | घर जग्गा बहालमा दिएकोमा | बहाल रकमको दुई प्रतिशत | **४. घरजग्गा बहाल कर** | भाडामा लगाएको घर र जग्गा (प्राकृतिक व्यक्तिको) | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| **६. सवारी साधन कर (वार्षिक)** | (क) बस, ट्रक, लरी र अन्य हेभी गाडी<br>(ख) भाडाका कार, जीप<br>(ग) भाडाको टेम्पो<br>(घ) भाडाको मिनीवस<br>(ङ) निजी कार, टेम्पो, मिनीबस<br>(च) स्कुटर, मोटरसाईकल तथा अन्य सवारी<br>(छ) ठेलागाडा तथा रिक्सा<br>(एक नपाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्कोले लिन नपाउने) | एकहजार देखि तीनहजार रुपैयाँ<br>दुईसयदेखि पाँचसय<br>एकसय देखि तीनसय<br>पाँचसय देखि एकहजार<br>एकसय रुपैयाँदेखि तीनसयसम्म<br>पचास रुपैयाँदेखि दुईसय रुपैयाँसम्म,<br>पन्ध्र रुपैयाँदेखि पच्चीस रुपैयाँसम्म | **५. सवारी साधन कर (वार्षिक)** | रिक्सा, टाँगा, ईरिक्सा, अटोरिक्सा बाहेक अन्य सवारी साधनमा | प्रदेश कानून बमोजिम |
| **७. दर्ता तथा संचालन ईजाजत दस्तुर** | ठेला, रिक्सा, टाँगा, दर्ता गरी नम्बर दिए बापत | पन्ध्र रुपैयाँ देखि पचास रुपैयाँसम्म | **६. सवारी साधन कर (वार्षिक)** | रिक्सा, टाँगा, ईरिक्सा, अटोरिक्सा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **८. पटके सवारी कर** (आफैंले बनाएको वा हस्तान्तरण भइआएको सडकमा) | (१) निजी तथा भाडाका बस, ट्रक र ट्रैक्टर<br>(२) मिनीबस.<br>(३) निजी तथा भाडाका कार र टेम्पो<br>(४) अन्य सवारी | (१) पाँच रुपैयाँदेखि बीस रुपैयाँसम्म<br>(२) पाँचदेखि दस रुपैयाँ<br>(३) पाँच रुपैयाँदेखि | **७. जडीबुटी, जीवजन्तु, कवाडी कर** | ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | साधनमा (राजमार्ग तथा सहायक राजमार्गमा र वार्षिक सवारी कर तिरेका सवारी साधनमा पटके सवारी कर लगाउन नपाइने) | दस रुपैयाँसम्म (४) पाँच रुपैयाँसम्म | | हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यबसायिक उपयोग गरे बापत | |
| ९. मनोरञ्जन कर | (क) सिनेमाहल, भिडियोहल, सांस्कृतिक प्रदर्शनहल, थियटर सँगीत तथा मनोञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा (ख) जादू, सर्कस, चटक आदिमा प्रति दिन | (क) दुई देखि पाँच प्रतिशत सम्म। (ख) दुईसय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म | ८. मनोरञ्जन कर | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |
| १०. बहाल विटौरी कर | आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा अस्थाई पसलथाप्न दिए बापत | प्रति वर्ग फिट दुई रूपैयाँदेखि बीस रुपैयाँसम्म मासिक | १०. बहाल विटौरी कर | आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| ११. विज्ञापन कर | आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा | प्रिषद्ले निर्धारण गरे बमोजिम | ११. विज्ञापन कर | प्रदेश कानून बमोजिम | प्रदेश कानून बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| **१२. व्यवसाय कर (वार्षिक)** | व्यबसायको बर्गीकरणका आधारमा | रु तीन सय साठी रुपैयाँ देखि एक लाख सम्म | **१२. व्यवसाय कर (वार्षिक)** | व्यबसायको लगानी र आर्थिक कारोबारको आधारमा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **१३. व्यावसायिक भिडियो कर** | व्यावसायिक रूपमा भिडियोबाट चलचित्र देखाउनेलाइ | वार्षिक दुई सय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म | **हाल नरहेको** | | |
| **१४. पार्किङ्ग शुल्क** | क) नगरपालिकाले व्यबस्था गरेका सवारी पार्कमा पार्किङ्ग गरे बापत<br>ख) सुविधा सम्पन्न बसपार्क<br>ग) कार पार्किङ्ग क्षेत्रमा पार्क गरे बापत<br>घ) अन्य सवारी पार्किङ्गमा | क) एक पटकमा चालीस रुपैयाँसम्म<br>ख) नगर परिषद्ले निर्धारण गरे बमोजिम<br>ग) एक पटकमा बीस रुपैयाँसम्म<br>घ) समयको आधारमा दश रुपैयाँसम्म | **१३. प्राकृतिक स्रोत विक्री** | ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा आदि प्राकृतिक एबं खानीजन्य वस्तुको विक्री | संघ, प्रदेश र स्थानीय कानून बमोजिम |
| **१५. सेवा शुल्क दस्तुर** | (१) खानेपानी, बिजुली, धारा, सार्वजनिक टेलिफोन, फोहर मैला व्यवस्थापन, सरसफाइ, ढल निकास आदि सुविधा उपलब्ध गराए बापत<br>(२) नगरपालिकाले बनाएका वा सन्चालन गरेका शौचालय, पार्क, | नगर परिषद्बाट तोकिएको दरमा | **१५. सिफारिस दस्तुर** | सबै किसिमका सिफारिशहरु | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्नानगृह, स्वीमिङ्गपुल, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, होष्टेल, हाट बजार, पशु बधशाला, शव दाह व्यवस्था, धोवीघाट र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत<br>(३) नगरपालिकाले निर्माण गरेको सडक, ढल, पुल, पेटी, चोक, गल्ली, नाली, बत्ती आदि मर्मत सुधार गर्न लाग्ने खर्च निर्धारण गरी शुल्क लिन सक्ने।<br>(४) सबै किसिमका सिफारिशहरुमा | | | | |
| **१६. नक्सा पासदस्तुर** | भवनको किसिम र क्षेत्र अनुसार | नगर परिषद्बाट तोकिएको दरमा | **१६. नक्सा पासदस्तुर** | भवनको किसिम अनुसार | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |
| **१७. सम्पत्ति मूल्यांकन सेवा शुल्क** | सम्पत्ति मूल्यांकन सेवामा | प्रति हजार एक रुपैयाँसम्म | **१७. सेवा शुल्क** | आफैले निर्माण, संचालन वा व्यबस्थापन गरेको पूर्वाधार वा उपलब्ध गराएको सेवामा | सभाले स्वीकृत गरेको कानूनमा तोकिए बमोजिम |

## सन्दर्भ सामग्री


Asian Development Bank. (2018). *Strengthening Public Management in Nepal.* Manila: Author.

Fourteenth Finance Commision of India. (2014). *Report of the 14th Finance Commission.* New Delhi: Author.

Ministry of Finance. (2018). *Report on intergovernmental fiscal transfers : Fiscal year 2075/76.* Kathmandu: Author.

नेपाल सरकार (२०७२), नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, काठमाडौं

नेपाल सरकार (२०७४), अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, कानुन किताब व्यवस्था समिति, काठमाडौं

नेपाल सरकार (२०७४), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, कानुन किताब व्यवस्था समिति, काठमाडौं

नेपाल सरकार (२०७४), स्थानीय सरकार सञ्चालन ऐन, कानुन किताब व्यवस्था समिति, काठमाडौं

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (२०७५), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग जानकारी पुस्तिका, काठमाडौं